साप्ताहिक

# गोरखा एक्सप्रेस

गोरखा एक्सप्रेस अनलाइनमा
www.nepaltoday.com.np

GORKHA EXPRESS NATIONAL WEEKLY
माटोवादीहरुको साझा पत्रिका

वर्ष ४४ अंक १ २०८२ साउन ६ गते मंगलबार *(July 22, 2025)* मूल्य रू. १०/-

## माओवादी धार किन भुत्ते भुत्ते ?

विश्लेषक भन्छन्- माओवादी कित्ताका ९ राजनीतिक दलले वर्षौंदेखि शान्ति प्रक्रियाका बाँकी काम पूरा गर्न सरकारसमक्ष अपिल गर्दै आएका छन् । माओवादी केन्द्रले सरकारलाई दबाब दिने नीति र निर्णय पनि गरेका हुन् । माओवादी केन्द्रका प्रचण्ड ३ पल्ट र बाबुराम भट्टराई एकपल्ट प्रधानमन्त्री पनि बनेका हुन्, तर जनयुद्धकालीन, संक्रमणकालका मुद्दाहरुमा सम्पादन हुन सकेन । पटक पटक सत्य निरुपण तथा मेलमिलाप आयोग बने, अहिले अर्को आयोग पनि बनेको छ । तर माओवादी र माओवादी कित्ताका क्रान्तिकारी-माओवादी, नेपाल समाजवादी पार्टी, नेपाल कम्युनिस्ट पार्टी र आम जनता पार्टी, नेपाल कम्युनिस्ट पार्टी (बहुमत), वैज्ञानिक समाजवादी कम्युनिस्ट पार्टी, नेपाल कम्युनिस्ट पार्टी (माओवादी समाजवादी) र माओवादी कम्युनिस्ट पार्टी कता छन् के गर्दैछन्, अत्तोपत्तो छैन ।

माओवादी कित्ताका ९ दल एक हुने हो भने र तिनले पीडकलाई न्याय र पीडितलाई दण्ड हुनैपर्ने निर्णय गरेका हुन् भने आमसमुदायलाई संक्रमणकालीन न्यायको पक्षमा ऐक्यबद्धताका लागि एकभएर उभिन किन सक्दैनन् ?

## राजतन्त्रवादी छिन्नभिन्न भए



भ्रष्ट गृहमन्त्री रमेश लेखकले समेत राप्रपाको राजतन्त्रवादी आन्दोलन तुहियो भनेर खिसिट्यूरी गर्न भ्याएका छन् । उनले अझै राजतन्त्रवादी चर्किए, राजतन्त्र ल्याउन खोजे कानुनले ठिक पारिन्छ भन्दैछन् । दुर्गा प्रसाईले जुन जागरण ल्याएका थिए, त्यसको जस लिन राप्रपाका अध्यक्ष राजेन्द्र लिंगदेन, केशर विष्ट अग्रसर भएका थिए, नवराज सुवेदीसमेत आन्दोलनको नेता बनेर अगाडी आएका थिए । डा.जगमान गुरूङले त तन्त्र, मन्त्रको बलमा राजतन्त्र पुनर्स्थापित हुने पटक पटक मिति नै तोकेका थिए । राप्रपा नेपालका कमल थापा पनि राजतन्त्रवादीकै भीडमा अग्रपंक्तिमै उभिएका नेता हुन् । यी बाहेक ६ दर्जनभन्दा बढी राजतन्त्रवादीहरूको संगठन र व्यक्तिहरू एकसाथ उभिएका थिए । यो जमघट र एकतालाई एक ढिक्को बन्न नदिन गणतन्त्रवादीले अमिलो निचोरिदिए, राजतन्त्रवादी छिन्नभिन्न भए । राजा फर्काउँछु भन्ने राप्रपाका धवल शमशेर देखि नवराज सुवेदीसम्म निर्वाचन आयोग पुगेर जग हँसाएका छन् । डा.जगमान गुरूङदेखि केशर विष्टका राजतन्त्रवादी अगुवाहरू राजनीतिक सन्निपातमा परेका छन् ।

राजतन्त्रवादी आन्दोलन कता पुग्यो ? लोकतान्त्रिक गणतन्त्रका नाममा जेमन्त गरिरहेकाहरूलाई हाइसन्चो भएको छ । कांग्रेस र एमालेको सत्ताले प्रतिषोधको राजनीतिले कानुन व्यवस्थालाई यसरी हुँडलेका छन् कि शान्ति, स्थिरता स्यालको सिङ हराएजसरी हराएको छ । अराजकता र अपराधिक राजनीतिले लोकतान्त्रिक गणतन्त्रलाई निरंकूशताको अंकूशले अझ बदनाम गर्दै लगेको छ ।

राजतन्त्रवादीहरू १८ वर्षसम्म मपाईवादबाट ग्रसित रोगी थिए, त्यो रोग फेरि बल्झिएको छ । फलत: राजतन्त्रवादीले राजाको बदनाम गराएर थकित छ, छिन्नभिन्न हुनपुगेको छ । हिन्दुराष्ट्र र राजसंस्था पुनर्स्थापनाका लागि संयुक्त जनआन्दोलन समिति ओल्लो तीर न पल्लो किनार बन्नपुगेको छ । राप्रपाभित्रको बढ्दो असन्तुष्टिका कारण राप्रपा नै फुट्ने रेड जोनमा पुगिसकेको कुरा निर्देशन समितिमा रहेका डा.प्रकाशचन्द्र लोहनीसहित नेताहरू हरिबहादुर बस्नेत, विक्रम पाण्डे, मुकुन्दश्याम गिरी, धवलशमशेर राणा, कुन्तीकुमारी शाही, सगुन सुन्दर लावती, प्रवीणकुमार थोकर तामाङ, प्रेम बलायर, ऋषिराज देवकोटा, सौरेन्द्रबहादुर शाह, जनकराज पाठक, रञ्जन कार्की, मिना शाही, कर्णबहादुर शाही, किशोर कार्की, निरञ्जन थापा आदिले चिन्ता व्यक्त गर्न थालेको सुनिएको छ ।

# सत्ता राजनीतिले यूटर्न लिँदै




१४ महिनाको पटक पटकको हार गुहारपछि र दुईपल्ट अन्तर्राष्ट्रिय सम्मेलनको साइडलाइनमा आग्रह गर्दा र नेपालले भारतका प्रम नरेन्द्र मोदीलाई नेपाल भ्रमणको निम्तो दिंदा समेत भारतले निम्तो दिएको थिएन । बल्ल भारतले भदौको तेस्रो हप्ता प्रम केपी ओलीलाई भारत २ दिने भ्रमणको निम्तो दिएको छ । प्रश्न छ, आन्तरिक राजनीतिमा फेरि तरङ्ग उठेको र सत्ता राजनीतिले यू टर्न लिन लागेको देखिदा प्रम ओलीले भारत भ्रमण गर्ने अवसर पाउलान् र ? भन्ने संशय उठेको छ ।

जसपाले समर्थन फिर्ता लिइसकेको छ, विश्वासको मत लिन बाँकी नै छ । एमालेभित्र पूर्वराष्ट्रपति विद्या भण्डारी र राजनीतिमा आइसकेकी छिन् भने कांग्रेसभित्र शेखर कोइरालाको ठूलै पक्षीय बैठक र बिद्रोह सुरु भइसकेको छ । माओवादीका अध्यक्ष प्रचण्डले त यो गठबन्धन तोड्न सारा शक्ति लगाइरहेकै छन्, ओली सरकार आफै फतक्कै कुहिएर झर्छ भन्न थालिसकेका छन् ।

यही सन्दर्भमा साउन ४ गते विद्या भण्डारी एमाले हेडक्वार्टर पुगेर १ घण्टा ४० मिनेट अध्यक्ष केपी ओलीसँग वान टु वान वार्ता गरेकी छिन् । विद्या भण्डारीले राजनीतिक वार्ता भएको बताए पनि प्रम ओलीले क्याविनेट पुगेर मन्त्रीहरुसँग विद्या भण्डारी, शेखर कोइराला र प्रचण्डका बारेमा छलफल गरेका छन् ।

संसदमा गणित चाहिन्छ, गणित ओलीको पक्षमा छ । कांग्रेस सभापति हलचल नगर्दासम्म ओलीको नेतृत्वको सत्ता ढल्ने खतरा छैन तर कांग्रेस, एमाले फुट्ने खतरा पनि उत्तिकै छ । ओलीले क्याविनेटमा ११ महिना आफैले सत्ताको नेतृत्व गर्ने र त्यसपछि कांग्रेस सभापति देउवालाई सत्ता हस्तान्तरण गर्ने दोहोऱ्याएका छन् । यता महामन्त्री गगन थापाले पटक पटक दोहोऱ्याइरहनु पर्दैन भनेर डिस हाने पनि चतुर खेलाडी ओलीले देउवालाई विश्वासमा लिए पनि कांग्रेसभित्रैका शेखर र एमाले भित्रैकी विद्या भण्डारीलाई कसरी रोक्ने हुन्, त्यो राजनीतिक र कूटनीतिक बृत्तमा चासो र उत्सुकताको विषय बनेको छ ।

सार्वजनिक सञ्चार माध्यममा ओली सरकार ढलपल गरिरहेको झ्याली पिटिएको छ । मन्त्रीहरु भ्रष्टाचारमा डामिएका र प्रतिपक्षीहरुलाई बदलाको भाव राखेको आरोप बढ्दो छ । यता रास्वपाका अध्यक्ष रवि लामिछानेमाथि अन्याय गरेको भन्दै २५ लाखभन्दा बढी हस्ताक्षर भइसकेको छ र ठूला नेता तथा एमाले र कांग्रेसकै नेता कार्यकर्तासमेत रवि लामिछानेमाथि अन्याय भएको भनेर हस्ताक्षर गर्न पुगेका छन् भने कतिपय कार्यकर्ताले सदस्यता नै च्यातेर रास्वपाको समर्थन गर्ने लहर नै चलिसकेको छ ।

विद्या र शेखर तथा प्रचण्डको गुप्तगु वार्ता र रविको बढ्दो क्रेजबाट एमाले र कांग्रेस आत्तिएको देखिन्छ । यसकारण हरेकदिन जसो प्रम तथा एमाले अध्यक्ष ओली र अन्य ओली पक्षधरहरु सत्तारुढ घटक कांग्रेससँगको सम्बन्धमा कुनै समस्या छैन भनिरहेका छन् । प्रमकै शब्दमा 'देउवाजीसँग निरन्तर सम्पर्कमै छु । हरेक गतिविधि सरसल्लाहमै भइरहेको छ । पूर्ववत: सहमति अनुसार अघि बढ्ने कुरामा टसमस भएका छैनौं ।'

तर कांग्रेसका अन्य नेता तथा कार्यकर्ता र पार्टी नेतृत्व इतरका शेखर कोइराला समूह यो सरकारमा किन बसिरहेको भनेर प्रश्न उठाइरहेका छन् ।

क्याविनेटमा शखेर कोइरालाको नामै लिएर प्रम ओलीले चर्चा गर्नु भनेको सरकार ढलपलाएको अर्थमा हेरिएको छ । यही समयमा भारतका नेपाल नीतिकारहरुको नेपाल भ्रमण र जसपाले समर्थन फिर्ता लिनु र प्रम ओलीलाई जोल्ट हान्दै कमजोर पारेपछि यही समयमा भारतले प्रम ओलीलाई भारत भ्रमणको निम्तो पठाउनुले अनेक तर्क उठेका छन् । राजनीतिमा जे भइरहेको छ, त्यो ओलीले भनेजस्तो विपक्षीले उक्साएको मात्र होइन, भारतले नेपालको सत्ता राजनीतिमा यू टर्न ल्याउन खोजेको आशंका गरिदैछ ।

विद्या भण्डारी र ओलीवीचको वार्ताको निचोड खुलेको छैन । पार्टी एक बनाएर लैजाने सहमति भनिए पनि भित्र अर्कै सहमति भएको हुनसक्छ । जेहोस्, सत्ता परिवर्तनको संकेत बढ्दो छ ।

## चीनले गोर्खा नाका खोल्यो




चीनले गोरखाका दुवै चिनियाँ नाका चुमनुब्री गाउँपालिका-१ सामागाउँको रुइला जुलाई ५ मा र वडा ७ छेकम्पारस्थित ङुइला नाका जुलाई १ देखि खोलेको छ । रुइला नाका एक महिना र ङुइला नाका तीन महिनाका लागि खुला भएसँगै स्थानीय बासिन्दाका लागि आवतजावत, बन्दव्यापारमा सहज भएको छ ।

यसैवीच चीनका राजदूत चेन सोङले तातोपानी नाकामा बेलिब्रिजको काम भइरहेको र केही दिनमै आवतजावत हुनसक्ने जानकारी दिएका छन् । ल्हेन्देको हिमताल फुटेर मितेरी पुल बगाउँदा नेपाली व्यापारकि अर्बौंका सामान बगाएर सम्पर्कबिहीन अवस्था रहेको छ । नेपालले पनि पुननिर्माण सुरु गरेको छ ।

## छोरीले अंश पाउने कि नपाउने ? फैसला




विवाहिता छोरीले पनि पैतृक सम्पत्तिमा समान अंश पाउनुपर्छ भन्ने न्यायाधीशद्वर्य सपना प्रधान र महेश पौडेल अल्पमतमा परेका छन् । बृहद इजलासका न्यायाधीशत्रय मनोजकुमार शर्मा, सारंगा सुवेदी र अब्दुल अजिज मुसलमानले मुलुकी ऐन संशोधन भएको मितिपछि विवाह गर्ने छोरीलाई मात्रै त्यो हक आकर्षित हुने व्याख्या गरे ।

जिल्ला अदालतले २०६८ जेठमा जेठी छोरीले माग गरे अनुसार, ६ भागको १ भाग अंश पाउने भनी फैसला गरिदियो, जसलाई २०७० सालमा पुनरावेदन अदालतले सदर गरेको थियो । त्यो फैसलाविरूद्ध बाबुआमा सर्वोच्च पुगे। सर्वोच्चले २०७६ सालमा जटिल कानूनी प्रश्न उठ्यो भन्दै पूर्ण इजलासमा पठायो। पूर्ण इजलासबाट पाँच सदस्यीय बृहत् पूर्ण इजलासमा पुग्यो।

२०७२ सालमा संविधान जारी भएपछि सम्पत्तिको हकमा छोराछोरी बीच विभेद नहुने भनिएको छ । त्यही व्यवस्थाका आधारमा मुलुकी ऐन संशोधन भएको थियो । यही मुद्दाको फैसलामा न्यायाधीशत्रयले २०७२ सालभन्दा अघि बिहे भएको छोरीहरूको हकमा पुरानै कानूनी व्यवस्था आकर्षित हुने व्याख्या गरेका हुन् । 'अदालतमा जुन समयमा मुद्दा दर्ता हुन्छ, सोही समयमा नै प्रचलनमा रहेको कानून आकर्षित हुने देखिन्छ ।' यो फैसलाअनुसार २०७२ सालअघि बिहे भएका छोरीहरूले पैत्रिक सम्पत्तिमा हकदावी गर्न पाउने छैनन् ।

यसरी जिल्ला र पुनरावेदन अदालतको फैसला उल्टियो र छोरीले बराबर हक पाउने वा नपाउने भन्ने विषय प्रश्नको नजीर पनि बसेको छ ।

अदालतमा सम्बन्ध विच्छेदका मुद्दा बढेका छन् । विवाह गर्ने, बुहारीले बुढाबुढीलाई घरबाट निकाल्ने, खान नदिने, दु:ख दिने, बृद्धाश्रममा जान बाध्य पार्ने घटनाका कारण संसदमा बुढाबुढीको सम्पत्तिमा दावी गर्न नपाउने कानुन बन्नुपर्ने बहस चलेको छ ।

३० लाख बुढाबुढीको बिजोग हुनुका कारणबारे बहस चलिरहेको छ । कडा कानुन नबने हनिट्याप, विवाह गरेर सम्पत्ति हडप्ने र बुढाबुढीलाई पीडा दिने घटना बढेकाले पनि बुढाबुढीको संरक्षण कानुन बनाउन दबाब बढेको देखिन्छ ।

## प्रकाशकीय :

*प्रकाशकीय- यो अङ्कदेखि गोरखा एक्सप्रेस ४४औं वर्षमा प्रवेश गरेको छ । स्वरोजगारमूलक पत्रिकाहरू प्रकाशनमा धेरै समस्याहरू बढेका छन् । तथापि गोरखा एक्सप्रेस जसोतसो बाँचिरहेको छ ।*

*प्रकाशन सुरू भएदेखि यो पत्रिकाले माटोवादको वकालत गर्दै आयो । **माटो अर्थात राष्ट्र, जनता अर्थात् राष्ट्रवाद** । गोरखा एक्सप्रेसको एकमात्र उद्देश्य माटो र जनताको आवाज उठाउनु हो । माटो र जनताका आवश्यकता पूर्ति गर्न राजतन्त्र जरूरी रहेछ भनेर राजमार्ग बनाइयो । बहुदल आयो, संवैधानिक राजतन्त्र कायम भयो । बहुदल लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण गरियो । न लोकतन्त्र, न गणतन्त्र जनताको जीवन पद्धति बन्नसक्यो । पद्धति र लोक नदीका दुई किनाराजस्तो अवस्था सिर्जना हुनपुगेको छ । १८ वर्षे राजनीतिक परिदृश्य जे देखिए, अराजकता मात्र बढ्यो । राजनीतिले धर्म, नीति र नैतिकता गुमायो । देश र जनतालाई दयनीय पात्र बनाइयो । यो अवस्थामा हाम्रो जिम्मेवारी अरू बढेको छ । कर्तव्य पूरा गर्न पाठक, विज्ञापन दाता, सहयोगी, सद्भाव-सुझाव दिनुहुने सबैप्रति हार्दिक आभार ।*

## शिवधाममा भक्तालु, हिन्दुराष्ट्रको चिन्ता छैन



साउन महिनाको सोमबार । देशैभरिका मठमन्दिरमा भक्तालुको भीडमभीड लागेको छ । शिव मन्दिरमा आधारातदेखि दर्शनार्थीको घुइँचो देखेपछि लाग्छ नेपाल हिन्दुराष्ट्र हो । हरेक भक्तालु भन्छन्- साउनको सोमबार शिवलाई शुद्ध जल चढाएमा परिवारमा खुसी र सन्तानको समृद्धि हुन्छ भन्ने आमविश्वास रहेको छ ।

राजधानीको पशुपतिनाथमा दर्शनार्थीको भीड थेगिनसक्नु देखियो । व्यवस्थापन, स्वयंसेवक एवं सुरक्षाकर्मी परिचालन गर्न हम्मेहम्मे परेको अवस्था पनि देखियो । तर यी भक्तालुका लागि धर्मनिरपेक्षता, धर्मपरिवर्तन र हिन्दुराष्ट्रको कुनै चिन्ता र चासो देखिदैन । यो भीड, यी भक्तालुले शिवधाममा लागेकोजस्तै लामबध्द भएर हिन्दुराष्ट्र हुनुपर्छ भन्ने हो भने एकै दिनमा हिन्दुराष्ट्र कायम गर्न राजनीतिक दलहरू बाध्य हुनेछन् । यो चेत र यो जागरूकता ल्याउन हिन्दुराष्ट्रका अभियन्ताहरू असफल भएका छन् । चेतना फैलाउन सक्दैनन् ।

हिन्दुधर्मप्रतिको जनश्रद्धा घटेको छैन । तर राजनीतिज्ञहरूले धर्मनिरपेक्षतामा राष्ट्रलाई परिणत गरेका छन् ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
Gorkha Express Weekly
मंगलबार Tuesday
२०८२ साउन ६, July 22, 2025

## बैतडीको श्री सहस्त्रलिङ्ग



ॐ श्री सहस्त्रलिङ्ग का देव्यै नमः। २०८२ साल शुद्ध साउन द्धितीया तिथि ( साउन २६गते) का दिन धुमधामका साथ मनाइने सहस्त्रलिङ्गको मूल मेलामा पाल्नु भै जीवन धन्य बनाउन श्रद्धालु भक्तजनहरूमा हार्दिक आव्हान गर्दछौं।

हरेक वर्षझैं यसवर्ष पनि साउन २६ गते सहस्त्रलिङ्धाम रूद्री अभिषेक पुजापाठ पूजन मेला हुन गइरहेछ भन्ने सूचनाका साथ शिव कुण्ड पिपल चौतारी मन्दिर व्यवस्थापन समितिले जनाएको छ। बैतडी जिल्लाको दशरथचन्द नगरपालिकाकोक्षेत्रमा पर्ने सहस्त्रलिङ्ग धामको पूजन मेलामा बैतडी डडेलधुरा पिथौरागढ सहित सुदूरपश्चिमका विभिन्न जिल्लाका साथै छिमेकी राष्ट्र भारतका विभिन्न क्षेत्रका भक्तजनहरूको पूजाआजाका लागि पुग्ने गरेका छन्। पवित्र मनले सहस्त्रलिङ्ग धामको दर्शन गर्नाले पुण्य मिल्ने, निःसन्तालाई सन्तान, सुख प्राप्त हुने र मनोकामना पूरा हुने जनविश्वास रहेको पं दुर्गा दन्त भट्टले बताउनुभएको छ। ९८४८८८८८८८

## मौद्रिकनीतिको कार्यान्वयन



**रमेशकुमार बोहोरा :**

नेपाल राष्ट्र बैंकले आर्थिक वर्ष २०८२/०८३ का लागि सार्वजनिक गरेको मौद्रिक नीतिलाई कार्यान्वयनमा ल्याएको छ। यो सन्दर्भमा सेयर धितो कर्जा, आवास कर्जा, विपन्न वर्ग लक्षित कर्जा, वित्तीय विवरण प्रकाशनको समयसीमा पुनर्तालिकीकरण सुविधा जस्ता थुप्रै क्षेत्रमा सुधारको संकेत गरिएको छ।

राष्ट्र बैंकले साउन १ गतेदेखि सेयर धितोमा राखेर पाउने कर्जाको सीमा बढाएको छ। अबदेखि सेयर धितोमा राखी लिने मार्जिन प्रकृतिको कर्जामा एकल ग्राहक कर्जाको सीमा अधिकतम २५ करोड रुपैयाँ तोकिएको छ। यसअघि यो सीमा १५ करोड रुपैयाँ थियो। यसले पूँजी बजारमा सकारात्मक प्रभाव पारेको छ।

यद्यपि यो सीमा मार्जिन कर्जाका लागि मात्र लागु हुने जनाइएको छ। अन्य प्रयोजनका लागि सेयर धितो राखी लिने कर्जामा भने सीमा कायम गरिएको छैन। यसले साना तथा खुद्रा लगानीकर्तादेखि लिएर ठूला संस्थागत लगानीकर्तासम्मका लागि कर्जा प्रवाह सहज बनाउने अपेक्षा गरिएको छ। संस्थागत ऋणीका लागि सीमा नराखिएकाले यस्तो नीतिले संस्थागत लगानीलाई प्रोत्साहित गर्नेछ।

राष्ट्र बैंकले पहिलोपटक घर किन्ने व्यक्तिहरूका लागि पनि ठूला सहुलियत ल्याएको छ। हालसम्म ७० प्रतिशत रहेको लोन टु भ्यालु रेसियो बढाएर ८० प्रतिशत पुऱ्याइएको छ। यो कर्जा अधिकतम ३ करोड रुपैयाँसम्म लिन सकिनेछ। यस्तो सुविधा लिँदा कर्जा लिने व्यक्तिले पहिलोपटक घर किनिरहेको प्रमाणित गर्नु पर्नेछ भने घरको आकार अधिकतम ३ हजार वर्गफिटसम्म हुनुपर्ने छ। यसले पहिलोपटक घर किन्न चाहने मध्यम वर्गका लागि ठूलो राहत प्रदान गरेको छ।

घर भाडाबाट हुने आम्दानीलाई आम्दानी स्रोतको रूपमा देखाउन नमिल्ने व्यवस्था, कर्जाको ब्याजदर बढ्दा मासिक किस्ता बढ्न नदिने प्रावधान तथा घरको मूल्यांकनको आधारमा कर्जा प्रवाह गर्ने जस्ता निर्देशिका संशोधनले कर्जाको गुणस्तर पारदर्शिता र दिगोपन सुनिश्चित गर्न खोजिएको देखिन्छ।

रियल स्टेट क्षेत्रको कर्जामा पनि सुधार ल्याइएको छ। हालसम्म ६० प्रतिशत कायम गरिएको रियलस्टेट कर्जाको लोन टु भ्यालु रेसियो अब ७० प्रतिशतसम्म पुग्न सक्ने व्यवस्था गरिएको छ तर यो विशेषतः घर निर्माण व्यवसाय कम्पनी तथा सरकारले स्वीकृत परियोजनामा मात्रै लागू हुनेछ। यसले नियमनबिना भइरहेको आवास विकासमा अंकुश लगाउने र व्यवस्थित विकासको मार्ग खुलाउने सम्भावना देखिएको छ। यसका साथै राष्ट्र बैंकले वित्तीय विवरण प्रकाशनसम्बन्धी समयसीमा पनि संशोधन गरेको छ। अब बैंक तथा वित्तीय संस्थाहरूले त्रैमासिक विवरण त्रैमास सकिएको १५ दिनभित्र र चौथो त्रैमासको विवरण साउन ३० गतेभित्र प्रकाशन गर्न सक्नेछन्। पहिले यो समयसीमा क्रमशः ७ र २१ दिन रहेको थियो। यो लचिलो व्यवस्था वित्तीय संस्थाहरूका लागि रिपोर्टिङको सहजता र कार्यसञ्चालनमा लचीलोपन ल्याउने दिशामा गरिएको सुधार मानिन्छ।

युवावर्ग लक्षित कर्जामा पनि यस वर्षको मौद्रिक नीतिले ठूला परिवर्तन ल्याएको छ। विशेषतः वैदेशिक रोजगारका लागि जाने युवाहरूलाई लक्षित गर्दै पुरुषलाई ३ लाख र महिलालाई ५ लाख रुपैयाँसम्मको कर्जा धितोबिना उपलब्ध गराउने निर्णय कार्यान्वयनमा ल्याइएको छ। यस्तो कर्जा 'विपन्न वर्ग कर्जा' मा गणना गर्न सकिनेछ। जाजरकोट, रुकुम लगायत कात्तिक २०८० को भूकम्प प्रभावित क्षेत्रका ऋणीहरूका लागि राष्ट्र बैंकले कर्जाको पुनर्तालिकीकरण तथा पुनर्संरचनाको व्यवस्था कार्यान्वयनमा ल्याएको छ। व्यावसायिक कर्जा, आवासीय कर्जा र अन्य व्यक्तिगत कर्जामा यस्तो सुविधा लागू हुने उल्लेख गरिएको छ। ऋणीको अनुरोधमा कर्जा पुनर्तालिकीकरण गर्न पाउने यो सुविधा २०८२ असोज मसान्तभित्र सम्पन्न गर्नुपर्नेछ।

कर्जा पुनर्संरचनाका लागि ऋणीको नगद प्रवाह र आम्दानीको विश्लेषण गरी कम्तीमा १० प्रतिशत ब्याज असुल गर्नुपर्ने व्यवस्था गरिएको छ। साथै पुनर्तालिकीकरण वा पुनर्संरचनाको अवस्थामा पनि कर्जालाई पुरानै वर्गीकरणमा राख्नुपर्ने प्रावधानले वित्तीय अनुशासन कायम राख्ने प्रयास गरिएको देखिन्छ। यी सबै निर्णयहरू कार्यान्वयनमा ल्याइएको अवस्था देख्दा यो वर्षको मौद्रिक नीति व्यवहारिक देखिन्छ। विशेषतः गभर्नर विश्वनाथ पौडेलको कार्यकालमा मौद्रिक नीतिले सेयर बजार, आवास क्षेत्र, युवा लक्षित कर्जा, विपद् प्रभावित क्षेत्रका ऋणीहरू लगायत सबै पक्षलाई सम्बोधन गर्ने बहुआयामिक दृष्टिकोण लिएको पाइन्छ।

यो नीतिले अपेक्षित परिणाम दिन सक्षम छ वा छैन भन्ने कुराको मूल्यांकन, कर्जाको असुली दर, बैंकिङ क्षेत्रको तरलता अवस्था, व्याजदरको सन्तुलन र क्रेडिट ग्रोथका सूचकहरू निकट भविष्यमै यसको प्रभाव मापन गर्न सहयोगी हुनेछन्।

यसरी हेर्दा २०८२/०८३ को मौद्रिक नीतिको कार्यान्वयनले केवल आर्थिक सूचकमा सुधार ल्याउने मात्र होइन सामाजिक आर्थिक रूपान्तरणको दिशामा पनि अग्रसर गराउने आशा छ। नीति बहुआयामिक छ, यसको प्रभावकारिता निष्पादन क्षमतामा निर्भर रहनेछ। प्रेस तथा सार्वजनिक निगरानीले प्रभाव मूल्याङ्कन हुनेछ।

(लेखक :- नेपाल पत्रकार महासंघ काठमाडौं शाखाका सचिव हुनुहुन्छ )

# प्रम ओलीको आसन्न भारत भ्रमण र औचित्यको प्रश्न

प्रधानमन्त्री केपी ओलीको भारत भ्रमण आगामी भदौको अन्त्यमा हुने कुरा नेपालको परराष्ट्र मन्त्रालयले औपचारिकरुपमा गत आइतबारमात्र सार्बजनिक गरेको छभने सो भ्रमणको औचित्यको बिषयलाई लिएर नेपालको राष्ट्रिय राजनीतिक बृत्तमा बिभिन्न किसिमका प्रश्नहरु पनि उठ्न थालेका छन्। बाहिरबाट हेर्दा उहाँको भ्रमण केवल सद्भावना भ्रमणजस्तो मात्र हुने देखिएको छ। किनकी उहाँ आगामी भदौ ३१ गते काठमाडौंबाट दिल्ली पुग्ने र भोली पल्टै असोज एकगते काठमाडौं फर्कने कार्यक्रम रहेको छ। सार्बजनिक गरिएका समाचार बिवरणहरुअनुसार प्रम ओलीको भारत भ्रमण अघि दिल्लीमा दुईपक्षीय सीमा व्यवस्थापन समूह (बोर्डर वर्किङ ग्रुप) को गृहसचिवस्तरीय बैठक बस्ने कार्यक्रम छ। जसकाबारेमा नेपालले तयारी थालिसकेको भनिएको छ। कुनैपनि छिमेकी मुलुकले अर्को छिमेकी मुलुकको भ्रमणगर्नु सामान्य कुरा हो। यस्ता भ्रमणहरु आवश्यकता अनुसार पटक, पटक हुनसक्छन्। तर नेपालका प्रधानमन्त्रिले भारतको भ्रमणगर्नु र भारतीय प्रधानमन्त्रीले नेपालको भ्रमण गर्नुलाई दुबै देशमा बिशेष महत्वकासाथ लिने गरिन्छ। जबकी नेपालको अर्को छिमेकी चीन भएपनि चीनतर्फको भ्रमणलाई खासै महत्व दिने गरिएको छैन। प्रम ओलीले यसअघि नै छिमेकी चीनको भ्रमण गरिसक्नु भएको छ। कस्तो छभने भारतका प्रधानमन्त्रिले चाहेमा सहजै नेपाल भ्रमण हुनसक्छ। तर नेपालका प्रधानमन्त्रिले चाहँदैमा भारतको भ्रमण हुनसक्दैन। यस्ता घटना नेपाल र भारतकाबीचमा बारम्बार दोहरिँदै पनि आएका छन्। यसअघिका प्रधानमन्त्रि पुष्पकमल दाहालले पनि आफू तेश्रो पटक प्रधानमन्त्रि भएपछि भारतको भ्रमणगर्न छमहिनासम्म प्रयास गर्नुपरेको थियो। उहाँको भनाइमा नेपालका प्रधानमन्त्रिले पहिलो विदेश भ्रमण भारतबाटै गरिएको हुनुपर्छ भन्ने रहेको छ। तर पनि उहाँले समेत सहजै भारत भ्रमणको समय मिलाउन सक्नु भएको थिएन। हालका प्रधानमन्त्रि केपी ओलीले भारत भ्रमणका लागि झण्डै १३ महिना कुर्नुपरेको अवस्था छ। त्यसमा पनि केवल भ्रमणको औपचारिकता मात्र पूरा गर्नेगरी कार्यक्रम तयभएको पाइएको छ।

नेपालका प्रधानमन्त्रिले भारतको भ्रमणगर्नु र नगर्नुको कुनै अर्थ रहने गरेको छैन। किनकी त्यस्ता भ्रमणबाट नेपाल र भारतकाबीचमा सदिऔंदेखि रहँदै आएका कुनैपनि समस्याहरुको समाधान हुनेगरेका छैनन्। बरु नेपाल भारतबाट कुनै न कुनै सन्दर्भमा ठगिने गरेको छ। जस्तो यसअघिको सरकारका प्रधानमन्त्रि पुष्पकमल दाहालले ०८० को जेठमा भारतको भ्रमणगर्दा नेपालको जलश्रोत सम्पूर्णरुपमा भारतीय पोटामा पार्ने काम भएको थियो। त्यसपछि जन्मका आधारमा नागरिकता दिने भन्दै करिव ५० लाख भारतीयलाई नेपाली नागरिकता दिलाइएको थियो। तर नेपाल र भारतकाबीचमा रहेको सीमा बिवाद लगायतका कुरामा कुनैपनि सकारात्मक उपलब्धी प्राप्त हुनसकेको थिएन। प्रधानमन्त्रि केपी ओलीको भारत भ्रमणको मिति तोकिनु अघिका नेपालका राजनीतिक परिदृश्यहरुलाई हेर्ने होभने बिचित्रका देखिएका छन्। एकातिर नेपालमा भारत निकट मानिएका कतिपय पार्टी, शक्ति र तिन्का नेताहरुले बर्तमान सरकारमाथि दबावको सिर्जना गरेको देखिएको छ। नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाको सक्रियतामा माओवादी केन्द्रका अध्यक्ष दाहालसँग सरकार ढाल्नेसम्मका कुराहरु भए। त्यसैगरी भारतको संस्थापन पक्ष निकट मानिएका जसपा र नाउपालगायतका दलहरुले ओली सरकारलाई दिँदैआएको समर्थन फिर्ता लिएर दबाव सिर्जना गर्ने/गराउने काम भयो। एमालेभित्रै अध्यक्ष ओलीलाई दबाव बढाउन बिभिन्न गतिबिधिहरु भएको देखियो। कतिपयले त ओलीलाई एमालेको अध्यक्ष र देशको प्रधानमन्त्रि दुबैबाट बेदखल गरिनेसम्मका चर्चा परिचर्चा पनि गरे। जसलेगर्दा नेपालमा हालैमा दिनमा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालको नेतृत्वमा बर्तमान सरकारमाथि बढाइएको दबाव र प्रम ओलीको आगामी भदौमा हुने भनिएको भ्रमणकाबीचमा खास सम्बन्ध रहेको देखिएको छ। त्यतिमात्र होइन स्वयं प्रम ओलीलेसमेत कतिपय भारत पक्षीय अभिब्यक्ति दिएर आफ्नो भ्रमणका लागि सहजीकरणगर्ने प्रयास गर्नुभएको थियो। उहाँले खासगरी महाकाली सन्धीगर्नु ठीक थियो भन्ने कुराहरु असान्दर्भिक रुपमा चर्चा गर्नुभएको थियो।

त्यसैगरी उहाँले यसअघि आफूले ०७८ मा गरेको संसद बिघटन सही थियो भन्ने दलिल पेशगर्ने प्रयास पनि गर्नुभएको थियो। यसले प्रम ओलीको आसन्न भ्रमणमा नेपालको सुरक्षालगायतका कतिपय बिषयमा भित्रभित्रै बिभिन्न संझौताका तयारीहरु भैरहेको संकेत गरेको छ। भारतले नेपालसँग सन् १९५० को सन्धीअनुसार नेपालको परराष्ट्र, आन्तरिक श्रोत र सुरक्षामा आफ्नो हात माथिपार्ने प्रयास गर्देआएको छ। प्रम ओलीको आसन्न भ्रमणकाक्रममा कतिपय गोप्य सन्धी, संझौताहरु हुनसक्ने संकेतहरु देखिएका छन्। यसअघि नेपालको संसदमा माओवादी केन्द्रलगायतका दलले अबरोध बढाएकै अवस्थामा प्रम ओलीको भारत भ्रमण यही साउनको दोश्रो हस्तामै हुनेगरी तयारी भैरहेका समाचारहरु बाहिर आएका थिए। भनिन्छ भारतीय प्रधानमन्त्रि नरेन्द्र मोदीकातर्फबाट समकक्षी ओलीलाई दुईदिने भ्रमणका लागि निमन्त्रणा आइसकेको छ। प्रधानमन्त्री कार्यालय श्रोतको हवालादिँदै गत आइतबारबाट सार्बजनिक भएका समाचार बिबरणहरुअनुसार ओलीको यो भ्रमण सम्भवतः हालसम्मकै सबैभन्दा छोटो भारत भ्रमण हो। आगामी भदौ ३१ मा भारतको राजधानी नयाँ दिल्ली प्रस्थानगर्ने र असोज एकगते काठमाडौं फर्कने भ्रमणले नेपाललाई खासै उपलब्धी दिननसक्ने निश्चित छ। बरु भारतका कतिपय महत्वपूर्ण एजेण्डाहरुमा हस्ताक्षर हुने संभावना प्रवल छ। सरकारी पक्षहरुलेभने प्रम ओलीको आसन्न भारत भ्रमण दुईपक्षीय सम्बन्धलाई अझै बलियो र सौहार्द बनाउने, विगतका समझदारीहरुलाई निरन्तरता दिने र केही नयाँ परियोजनाहरुलाई अघिबढाउनेतर्फ केन्द्रीत हुने प्रचार गरेको पाइएको छ।

हुन पनि पछिल्ला महिनाहरुमा नेपाल र भारतबीचको सीमामा बिभिन्न समस्याहरु देखिएका छन्। भारीमात्रामा भारततर्फबाट नेपालमा लागूऔषध र नक्कली नोट भित्रिने गरेको छ। त्यसैगरी भारतीयहरुले नेपालको वन र भूमीसमेत अतिक्रमण गरेका दर्जनौ घटनाहरु रहेका छन्। नेपालको तराईहुँदै बिभिन्न शहरी इलाकाहरुमा अबैध हातहतियार र बिष्फोटक पदार्थको चलखेल बढेको छ। यस्तो अवस्थामा हतारमा नेपालका प्रधानमन्त्रिको भारत भ्रमणहुँदा नेपाल थप संकटमा पर्नसक्ने अवस्था रहन्छ। भारतले नेपालको लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्रलाई आफ्नो भूभाग दाबीगर्दै नक्सा सार्वजनिक गरेको बिवाद सल्टिएको छैन। भारतले एकतर्फी ढंगले त्यस क्षेत्रहुँदै चीन जोड्ने सडक बनाएको छ र त्यहाँका रक्षामन्त्री राजनाथ सिंहबाट बिधिवत् उद्घाटनसमेत भैसकेको छ। नेपाल र भारतबीच रहेको करिब १८८० किलोमिटर सीमा सधै खुला छभने उक्त सीमामा दिनदिनै अनेक समस्याहरु सिर्जना भैरहेका छन्। बिभिन्न कालखण्डमा नेपालको राजनीतिक परिवर्तनमा भारतको भूमिका रहने गरेको छ। जबकी अर्को छिमेकी चीनले नेपालको आन्तरिक राजनीतिमा हस्तक्षेप गर्नेगरेको छैन। त्यसैगरी नेपालको सरकार परिवर्तन र व्यक्ति विशेषको सत्तारोहण र सत्ता बहिर्गमनमा समेत भारतले हस्तक्षेप गर्नेगरेका कुराहरु बाहिर आउने गरेका छन्। पटक, पटक यी दुई मुलुकका बीचको सम्बन्धमा तनाव उत्पन्न भएका उदाहारणहरु पनि रहेका छन्। जसबाट पुन निकटता र आपसी विश्वासको सम्बन्धमा फर्कन निकै मिहिनेत गर्नपरेको उदाहारणहरु पनि रहेका छन्। नेपाली पक्षले असमान ठानेका सन्धि तथा सम्झौताहरुको लामै सूची रहेको छ। जसमा सन् १९५० को नेपाल भारत शान्ति तथा मैत्री सन्धिदेखि गण्डक, कोशी र महाकाली सन्धिलगायत रहेका छन्। बिगतमा दुई राष्ट्रका बिभिन्न सरकार प्रमुखहरुका बीचमा नेपाल



**डा. केशव देवकोटा**

भारतका समस्याहरुकाबारेमा छलफल भएता पनि ठोस प्रगतीभने हालसम्म देखिन सकेको छैन। नेपालकातर्फबाट समस्याहरुका बारेमा बारम्बार प्रशंग उठे पनि भारतीय संस्थापन पक्षभने जहिले पनि मौन रहने गरेको छ। हालसम्मका बिभिन्न घटनाक्रमहरुले स्पष्ट गरेका छन्की सन् १९५० को सन्धिमार्फत भारतले नेपालमाथि आफ्नो नियन्त्रण कायम राख्न अनेक प्रयास गरिरहेको छ। त्यसैगरी जलश्रोत सम्बन्धी कोशी (१९५४), गण्डक ( १९५९) र महाकाली (१९९६) सन्धि सम्झौताबाट नेपाल नराम्ररी ठगिएको छ। नेपालले आफ्नो हिस्साको पानीसमेत पाउन सकेको छैन। सीमा जोडिएका दुई देशकाबीचमा भएका र हुने यस्ता सन्धि तथा सम्झौताहरु आपसी सद्भाव, समानता र द्विपक्षीय फाईदामा आधारित हुनुपर्नेमा ठीक बिपरित हुनेगरेका छन्। ठूल्दाई प्रवृत्ति, माईक्रो म्यानेजमेन्ट, असंवेदनशील भारतीय सञ्चारमाध्यम, सीमामा दुव्यर्वहार, सीमा अतिक्रमण, नेपाल- चीन सम्बन्ध आदि कुराहरुका बारेमा बेला बेलामा बिभिन्न चर्चा परिचर्चाहरु हुने गरेका छन्। तर त्यसको सन्तुलित समाधान निस्कन सकेन। भारतीय सञ्चारमाध्यमहरुमा कालापानी विवादमा चीनले नेपाललाई प्रयोग गरेकोभन्ने सम्मका आरोपहरु लगाइएका थिए। आखिर पछिल्लो समयमा चीन र भारतले मिलेर नेपालको त्यही भूमी अतिक्रमण गरेका घटनाहरु पनि रहेका छन्। भारतमा काम गरेर फर्कनेक्रममा नेपालीहरुले नाकाहरुमा भारतीय सीमा सुरक्षा बल एसएसबीको दुव्यर्वहार खेप्नुपरेका लगायतका झिना मसिना बिवादरु बाक्लै छन्। नेपालको सीमा (कालापानी, सुस्ता, टनकपुर, मेची, पशुपतीनगर आदि) क्षेत्रमा भारतीय अतिक्रमणको विषय पटक, पटक उठेपनि समाधान भएन। नेपालका बिभिन्न पार्टीमा भारतीय पक्षले बर्चश्व कायम गराएका कारण नेपाली भूमीमै भारतको पक्षमा गतिबिधि हुनेगरेका छन्। यस्तो अवस्थामा हुन लागेको प्रम ओलीको भारत भ्रमणबाट नेपालले पाउने केही पनि हुने छैन। बरु गुमाउने धेरै कुराहरु हुने छन्। यसप्रति देशभक्त नेपालीहरु सचेत हुनु जरुरी छ।

सुरक्षित पानी, स्वस्थ जीन्दगानी
सफा रहौं, स्वस्थ बनौं

पानीजन्य रोग र सरसफाइको कमजोर अवस्थाबाट बच्न खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी तपसिलका क्रियाकलाप प्रवर्द्धन गर्नुहुन अनुरोध गर्दछौं।

- सुरक्षित पानी पिऊँ, यदि सुरक्षित नलागेमा पानी शुद्धीकरणका घरेलु विधि: उमाल्ने, क्लोरिन गर्ने, फिल्टरिङ गर्ने आदि विधि प्रयोग गरी मात्र पानी पिऊँ।
- ट्युवेलको वरीपरी सफा राखौं, दैनिक रुपमा ट्युवेल सफा गरौं।
- चर्पीको नियमित प्रयोग गरौं, गराऔं, र चर्पी नियमित सफा राखौं।
- दिसा गरेपछि, बच्चाको दिसा छोए पछि, खाना पकाउनु र खानु अघिपछि, फोहोर छोएपछि, बिरामीको हेरचाह पछि साबुन पानीले हात धुने एवं धुन लगाऔं।
- बाहिर निस्कँदा नाक मुख राम्ररी छोपिने गरी अनिवार्य मास्कको प्रयोग गरौं।
- कुहिने तथा नकुहिने फोहोरलाई वर्गीकरण गरी उचित रुपमा व्यवस्थापन गरौं।
- घर वरपर जथाभावी पानी र फोहोर जम्न नदिऔं। खानेपानीका स्रोत, पोखरी, ताल तलैया, नदी, सामुदायीक वातावरण सफा राखौं।

पानी जीवन हो, सरसफाइ संस्कार

खानेपानी मन्त्रालय
खानेपानी तथा ढल व्यवस्थापन विभाग

# मुक्तक लेख्ने प्रयासहरू – नबोल्ने त बोल्दैन पटाएर के गर्नु ?



भ्रष्टाचारीहरूको चलखेल छ हजुर,
भ्रष्टहरूलाई छुट र सोझालाई जेल छ हजुर,
रोजगारको नाममा युवा बेच्छन् मिलेर विदेशमा
दलाल र सरकारमा गोप्य मेल छ हजुर ।

**- अरूणकुमार भुजेल, दार्जिलिङ**



नबोल्ने त बोल्दैन पटाएर के गर्नु ?
खाने आशामा दिन कटाएर के गर्नु ?
स्वाद पाउन त पक्कै चाख्नु पर्छ
नखानेलाई औंला चटाएर के गर्नु ?

**- वेददीप**



बिरोधीका टाउका एकएक गरेर गन्नु भएको छ
खसमका हत्यारा पनि चाहियो भन्नु भएको छ
यति धेरै आकर्षण बढेको छ कि हाम्रो पार्टीको,
पूर्वराष्ट्रपति पनि चवन्नी सदस्य बन्नु भएको छ।

**- शंकर ज्ञवाली**



मनमा सुन्दर गाउँ बसाउँदै जाउँ
भट्किएकोलाई बाटो देखाउँदै जाउँ
दुखले भरेको जीवनलाई बोझ नठानी,
बचेको जीवन हास्दै हसाँउदै जाउँ ।

**- नीता गुरूंग भाटिया, असम**



कतै रमाइलो छ जिन्दगी कतै अर्थहीन छ
संघर्ष धेरै गर्दागर्दै पनि ठेगाना विहीन छ
चल्न त चलिरहेको हुन्छु सधैं आफ्नै धूनमा
बाहिर फिक्का हाँसो भित्र दुःखको रिनैरिन छ।

**- विकास कठेत समर्पण**



कति पर्खनु पर्खाइको बाँध टुटेको छ
किन कुरेको छु, ममाथि प्रश्न उठेको छ
अर्के खोजुँ यस्तै लाग्दैछ आजभोलि
छिनछिनमा जवानी खुशीहरु छुटेको छ ।

**- सरस्वती तिवारी**



दुःखमा लोग्ने गयो, विदेश व्यवहार चलाउनलाई
शुरू गरि श्रीमतीले आफ्नै घरबार जलाउनलाई
जहिले यता उता, जता मन लाग्छ उता हिंड्यो
केही बेरै लागेन सुन्दर त्यो दरबार ढलाउनलाई।

**- जे.बी. खत्री**



धर्मकै युद्धमा विश्व, कर्मको युद्ध कहाँ छ र ?
लाठीमुड्डी ऐयाआथो, चर्मको युद्ध कहाँ छ र ?
मान्छे मात्र मान्छे नै हो, धर्मलेपन किन ईश,
ड्रोन गोलाबम थाक्यो, शर्मको युद्ध कहाँ छ र?

**- अर्जुन अधिकारी**



हरेनन् राम रहेनन् हरी थाह पाँउदा पाँउदै
एकदिन जानै पर्छ मरी थाह पाँउदा पाँउदै
तर पनि ईर्ष्या, डाह किन गर्छन् मान्छेहरू,
जिन्दगी छैन अजम्बरी थाह पाँउदा पाँउदै ।

**- डिल्लीराज केसी**



आँखाको परेली रूझ्ने दिन नआओस्
आमा बुबालाई नबुझ्ने दिन नआओस्
जीवनका हरेक बाटाहरू कठिन त छ नै
तसर्थ परिस्थिति नसुझ्ने दिन नआओस् ।

**- रिता खराल.**



पावर हुनेले छड्के चाल चलाउँछन्
पैसामा पद फालाफाल फलाउँछन्
राजनीति भन्नू कि फोहोरी खेल हो यो ?
ईमान जति त्यही खेलमा जलाउँछन् ।

**- बिनिता आचार्य**



पुर्याउदिन तिमीलाई चोट)डराउंनु पर्दैन कहिल्यै
खांटी बात गर्छु मैले सधै) कराउंनु पर्दैन जहिल्यै
अधेरीकै बादल झैं मडारियौ) सुहाएन तिमीलाई
नलाएको बात गुनेर ब्यर्थ ) हराउंनु पर्दैन पहिल्यै

**- चन्द्रकला आचार्य**

# अटिजम सबैले हेर्नैपर्ने सामाजिक चलचित्र

अटिजम समाजमा बढ्दो महामारी पनि हो । रिच भिजन सिनेम्याक्स स्टुडियोको तर्फबाट साहित्यिक पत्रकार ( कपन बानेश्वर साहित्यक साप्ताहिकका प्रकाशक सम्पादक ) निबन्ध आचार्यको प्रस्तुति रहेको सन्देशमुलक साहित्य प्रदान चलचित्र हो। अटिजम अब यु ट्युब च्यानलबाट प्रशारण हुने भएको छ। कपन बानेश्वर साहित्यिक साप्ताहिकको तेह्रौं वार्षिकोत्सबको अवसर पारेर kapan baneshwor sahityik च्यानलबाट सार्वजनिक भएको छ ।




यो चलचित्र अटिजमका सह निर्देशक साहित्यकार तथा कलाकार विक्रम श्रेष्ठ सागर समाजका लागि ज्ञानबर्धक हुने बताउँछन् । चलचित्रमा विक्रम श्रेष्ठ सागरको अलावा साहित्यकारहरू गङ्गा पौडेल, प्राडा रामप्रसाद ज्ञवाली, शङ्कर भारती, वेदमणी घिमिरे, विष्णुबहादुर सिंह, प्रभा श्रेष्ठ, रामकुमार पण्डित, सुशीला पौडेल, पुण्यराज पुडासैनी, राजबाबु श्रेष्ठ सागर, विजय कट्टेल, माधवलाल श्रेष्ठ, दिवाकर शाह लगायतको अभिनय रहेको विक्रम श्रेष्ठले जानकारी दिएका छन्। कथा/ निर्माण : निबन्ध आचार्य, सङ्गीत/निर्देशन : केशव सान्दाइ, पटकथा/ सम्बादः विक्रम श्रेष्ठ सागर, नृत्य:दीपक तामाङ, छायांकन : तिलक गौतम रहेको चलचित्र अटिजममा सुशील पोखरेल, शुष्मा कार्की, प्रतीक शर्मा, सृष्टि आचार्य, करूणा पोखरेल, मिठुकृष्ण श्रेष्ठ, पुष्कर जङ्गम, सौरव ढकाल, श्रद्धा कोइराला र अटिजम भएका सम्मान आचार्य सहित पचास भन्दा बढी नयाँ पुराना कलाकारहरूको अभिनय रहेको छ ।


अटिजमको सामान्य जानकारीका साथै युवाहरूको बिदेश पलायनलाई मुख्य बस्तु बनाएर निर्माण गरिएको चलचित्र अटिजम कपन बानेश्वर च्यानलबाट प्रशारण गरिएको छ, अधिक भन्दा अधिक सब्स्क्राइब गरिदिनुहुन सबै दर्शकलाई अटिजम चलचित्र परिवारले हार्दिक आह्वान गरेको छ । छाडा फिल्म र गीतको महामारी चलिरहेका बेलामा समाज सुधारक र युवालाई माटोप्रतिको सम्बन्ध सिकाउने अटिजम फिल्म प्रशंसनीय रहेको छ ।




# लेटर्स फ्रम जेल

असलमा नेपालको छवि भक्तपुरजस्तो लाग्छ । भक्तपुरमा सांस्कृतिक, परम्परागत शैली ज्यूँदो छ। यसकारण त पर्यटक पनि नेपाल आएपछि भक्तपुर जान्छन् जान्छन् । कूटनीतिज्ञहरूको पहिलो दर्शनीय स्थान पनि भक्तपुर नै हो । यही भक्तपुरमा राजनीतिको ताजा दर्पण जस्तो छ पुस्तक लेटर्स फ्रम जेल। नारायणमान बिजुक्छैं रोहितकृत तथा अणुराज जोशीबाट अङ्ग्रेजीमा अनुदित Letters from Jail को लोकार्पण समारोहमा लोकार्पण गरिएको छ। आयोजक मा. सुरेन्द्रराज गोसाईं तथा कृति प्रकाशक बालविकास सेकेन्डरी स्कूल यस कृतिका धन्यवादका पात्र बनेका छन् । एउटा ज्यूँदा नेता पनि छन् बिजुक्छे भक्तपुरमा ।

# समयका प्रतिध्वनिहरू




*अरूणबहादुर खत्री*

नेपाली साहित्यमा मुक्तक लेखन परम्परा पुरानै भए पनि कलम चलाउनेहरुको संख्या चाहिँ ज्यादै कम देखिन्छ। मुक्तकका सङ्ग्रह प्रकाशित गर्ने साहित्यकारहरु औंलामा गन्नुपर्ने अवस्था छ र यसैभित्र कवि गोमविक्रम पनि पर्दछन्। कवि गोमविक्रमको समयका प्रतिध्वनिहरु नामक मुक्तक सङ्ग्रह २०८० सालमा प्रकाशित भएको छ । यसभित्र २१८ वटा मुक्तकहरु राखिएका छन् । उनी विशेष गरी सामाजिक विकृति र विसङ्गति तथा प्रणयलाई समेटेर मुक्तक लेख्दछन्। दुःख पर्दा नछुटेको माया यो बल्ल साँचो हुन्छ भन्ने यिनी दिनरात प्रेयसीको अनुहार हेरिबस्ने चाहना राख्दछन्।

भोकै नाङ्गै परे जहान, हरका लुगा फाटेका छन्
छिमेकतिर देखिऊँ भने, साहुले कुरा काटेका छन्
समस्या चर्किंदै गएको छ, बाबुको बिहे भएको छ
कोरोना कहर काट्दा कोही, कमाउ धन्दा आँटेका छन् ।

कवितालाई निचोरेपछि मात्र मुक्तकको जन्म हुन्छ । आफूले भन्न खोजेको कुरालाई चार हरफमै लेख्नु पर्ने हुंदा साहित्यका अन्य विधाभन्दा यो विधा चुनौतिपूर्ण त हुन्छ नै । त्यसो त एउटा सानो मुक्तकभित्र सिङ्गो ब्रहमाण्ड नै अटाउन सक्छ। कविताको सबैभन्दा लघुतम रुपलाई मुक्तक काव्यको रुपमा चिन्ने गरिन्छ। हरेक साहित्यिक रचनामा मानवचरित्र र क्रियाकलाप चित्रण गरेजस्तै मुक्तक काव्यमा पनि व्यक्ति, समाज, वातावरण र मानव समाजसँग सम्बन्धित अनेक पक्षलाई नै समेटेर सिर्जना गरिएका हुन्छन्। मुक्तककार गोमविक्रमले सिर्जनामा बिम्बको राम्रोसँग प्रयोग गरेका छन् । विषयवस्तु प्रभावकारी ढङ्गले प्रस्तुत गरेका छन् । जसका कारण मुक्तक पठनीय हुनमा थपेको छ तर कतिपय मुक्तकहरु सायरी शैलीमा सिर्जिएकाले केही लामा र कण्ठमा पार्न कठिन हुनेखालका छन् ।




टाढै रहन्छ खुसी किन, मैलाई सधैं छलाए जस्तो
जति उठ्ने प्रयास गऱ्यो, विवशताले ढलाए जस्तो
क्षतविक्षत चाह छन्, महात्वाकाङ्क्षा अथाह छन्
टाल्टुलैको जिन्दगी भयो, रफ्फु भरेर जलाए जस्तो ।

नेपाली मुक्तकको प्रमुख प्रवृत्ति प्रणय अनुभूति पनि हो। मुक्तककार गोमविक्रम प्रणय अभिव्यक्तिका कुशल शिल्पीका रुपमा दरिएका छन् । जिन्दगीका हरेक आरोह, अवरोह, सामाजिक, राजनीतिक र आर्थिक विसङ्गति प्रति तिखो प्रहार उनका मुक्तकहरुमा पाइन्छ। अग्रज पुस्ताले मुक्तकको उन्नयनका लागि होस्टेमा हैसे गर्दै मुक्तक सिर्जना गर्ने गोमविक्रम एक आशलाग्दा र दरिलो मुक्तककारका रुपमा गनिन्छन् । गोमविक्रमले आफूले भोग्दै आएको र आफूमा भएको पीडा, देशले भोगेको अव्यवावहारिक समस्या, समाजको चित्रण आदिको बारेमा व्याख्या गर्दै गहकिला मुक्तक लेखेका छन् ।

निरस यो जीवनभरि, कहिले अबिर टीका हुन्छ ?
चाडपर्व जे आए पनि, प्रायः आँसुको ढिका हुन्छ
बरु आफ्नै परेली रुझ्छ, तिम्रो खुसीले चित्त बुझ्छ
तिमी रङ्गिदा उमङ्गले, यताको मन फिका हुन्छ ।

न्यायको तुलो अझै पनि, पहुँचतिर फर्केको छ नारीका आँसु उस्तै गरी, बर्खे झरी झै दर्केको छ उनको मुक्तकमा लेखिएको छ । कति मान्छे आफ्ना कुरा मुस्कानमा भर्ने गर्छन् कति मान्छे आफ्ना कुरा खहरे झैँ पोख्ने गर्छन् । समग्रमा भन्दा कवि गोमविक्रम मुक्तक लेखनमा खप्पीस छन्। नीतिका कुरा दिन, सुन्दर समाज निर्माण गर्न, समाजलाई राम्रो बाटो देखाएर भावी पुस्तालाई मार्गदर्शन गर्न अग्रसर छन् । विकट यात्रा जिन्दगीको, तारिरहने पुल बनायौ, मैलाई कुल्चि अघि बढ्ने, सधैं रातो तुल बनायौ उनको मुक्तकले भनेको छ ।

कति उकाली जिन्दगीका, कति ओराली झरेको छु
खतरातिर चुनौतीका, पनि सम्झौता गरेको छु
कैयौ संकट भोगिएर, एम्बुसबाट जोगिएर
नियतीको भारीसँगै, उस्तै जङ्गार तरेको छु ।

उनका मुक्तक सुन्दर छन् र विविधताले भरिएका छन्। समयका प्रतिध्वनिहरु नामक यस मुक्तक सङ्ग्रहभित्रका भावभङ्गी र अस्तित्व सबै लालित्यले भरिपूर्ण पारेका छन् गोमविक्रमले। आफ्नो सुकोमल मुक्तकमा मुक्तककार गोमविक्रमको मीठो र गहकिलो मुक्तक यात्रा आगामी दिनमा सबल र सफल बन्नेनै छ । सानो आकारको पुस्तकमा धेरै कुरा अटाइएको उनको यो मुक्तकसङ्ग्रह समसामयिक नेपालको शब्दचित्र नै बन्न पुगेको छ। सबै क्षेत्रमा सुधार र समृद्धिको चाहना राखिएको यो कृति देशको मौलिक स्वरुप हो। उनका मुक्तकभित्र उठाइएका प्रश्नहरु सबै देशप्रेमी नागरिकका प्रश्न हुन्। सारमा भन्दा जीवनका यथार्थहरु जे छन् तिनलाई त्यस्तैमा प्रकट गर्दाको मौलिक स्वरुप उनका मुक्तकको मुख्य विशेषता हो। भावी साहित्यिक लेखनमा कवि गोमविक्रमलाई सफलताको कामना गर्दछु।

कृतिः समयको प्रतिध्वनि, विधाः मुक्तकसङ्ग्रह
मुक्तककारः गोमविक्रम, प्रकाशकः भुँडीपुराण प्रकाशन, काठमाडौं



*१९४७ र १९७५ मा काश्मिर र सिक्किमले आत्मनिर्णयको अधिकार गुमाए। यी दुवै घटनामा भारत निर्णायक रह्यो। नेपालका १२६ भाषाभाषीमाथि एकातिर विदेशी अतिक्रमण, अर्कोतिर आन्तरिक जातभात र गुट उपगुटको विवादबाट गृहयुद्धको खतरा छ। निदाएको बहाना गर्नेलाई ब्यूँझाउन सकिन्न। राष्ट्र चूकजस्तो अन्धकार सुरूङ्तिर धकेलिएको छ र लामो सुरूङ्भित्र आशाको उज्यालो देखिन्न। नेपालको भविष्य अन्धकार नै हो त ?*




**सम्पादक/प्रकाशक** — **राजन कार्की**
**Editor/Publisher** — **Rajan Karki**

सह-सम्पादक : शाश्वत शर्मा
अनलाइन प्रविधि : उत्तम राज
कानुनी सल्लाहकार : शिवप्रसाद सिग्देल
मुख्य व्यवस्थापक : कृष्णकुमार कार्की
व्यवस्थापक : दिलकुमार कार्की
मुद्रण : तारा प्रिन्टर्स, कलंकी

**गोरखा एक्सप्रेस साप्ताहिक**
कामपा १४, कलंकी, काठमाडौं
मो. : ९८५१०२७०८९ फोन : ४३१२०८४
**E-mail : rajan2012karki@yahoo .com**
**nepaltod@gmail .com**
**Online : www//nepaltoday .com .np**

## सम्पादकीय

# शंका र संशय किन ?

नेपालको १८३ राष्ट्रसँग कूटनीतिक सम्बन्ध छ। समस्या खुला सीमा भएको र सीमा अतिक्रमण गरेका कारणले भारतसँग भए पनि सम्बन्ध बाक्लो छ र बाँकी राष्ट्रहरुसँग पनि नेपालको सम्बन्ध सुमधूर नै रहेको छ। नेपालको परराष्ट्रनीतिमा युक्रेन, रुसवीचको युद्धमा केही बिचलन आए पनि सुधार हुँदैछ र नेपालले पञ्चशील र असंलग्नता छाडेको अवस्था छैन। नेपाल भूबनोटका कारणले पनि विश्वशक्तिको राडारमा परेको छ र नेपालको महत्व व्यापक छ। नेपालले बुद्धि पुऱ्याएमा, सम्बन्धको लाभ लिन अग्रसरता देखाएमा नेपालले समृद्धिको ढोका खोल्न सक्ने अनेक अवसरहरु छन्। तर नेपालको नेतृत्व निम्छरो भएकै कारणले नेपालप्रति विश्वमा बढेको भरोसा, विश्वास स्खलित हुनु चिन्ताको विषय हो।




नेपाल भारत र चीनवीच तरुलको रुपमा रहेको छ। नेपालको अमेरिका, बेलायत, जापान, कोरिया, जर्मन, रुसजस्ता सवल र सम्पन्न राष्ट्रहरुसँग राम्रो सम्बन्ध रहेको छ। सबै मुलुकले नेपालको विकास र पूर्वाधार विकासमा सघाउँदै आएका छन्। सबै छिमेकी र मित्रराष्ट्रहरुसँग नेपाल कृतज्ञ रहेको छ।

यसैवीच अमेरिकामा डोनाल्ड ट्रम्प राष्ट्रपति निर्वाचित भएपछि अमेरिकी राष्ट्रवाद मजबुत पार्नका लागि अनेक निर्णय लिएको अवस्था छ। ट्रम्पका नीतिगत निर्णय र कार्यान्वयनले विश्वभरि तरङ्ग फैलिएको छ। यसैवीच अमेरिकाले प्रशारित गरेको सूचना ***'अमेरिका नेपालसँगको साझेदारीमा नेपाली नागरिकहरुले आफ्नै देशमा सुरक्षित र समृद्ध भविष्य निर्माण गर्न, बस्न र लगानी गर्नसक्ने अवस्था सिर्जना गर्न प्रयत्नशील छ।'*** ले भारत र चीनलाई सशंकित पारेको अनुभूत गर्न सकिन्छ। दुबै मुलुकका निकटस्रोतको प्रश्न छ- नेपालीको आफ्नै देशमा सुरक्षित र समृद्ध भविष्य निर्माण गर्न, बस्न र लगानी गर्न सक्ने अवस्था सिर्जना गर्ने दायित्व नेपाल सरकारको हो। अमेरिकाले नेपालमा कुन दायित्व निर्वाह गर्न खोजेको हो ? नेपालसँग के कस्तो समझदारी भएको हो ? सार्वजनिक गर्न जरुरी छैन र ? यो प्रश्नको लागि प्रश्न हुनसक्छ। अमेरिकाले नेपाललाई कूटनीतिक सम्बन्ध स्थापित भएको सन १९४७ देखि नै आर्थिक, प्राविधिक र अन्य सहयोग गर्दै आएको छ। चीन र भारतको मात्र होइन, अन्य कूटनीतिक सम्बन्ध भएका मुलुकको नेपालप्रति सद्भाव छ। आर्थिक, मानवीय सम्बन्ध पनि विकसित भइरहेकै छ। यसकारण नेपाली नेपालमै भविष्य निर्माण गर्न, बस्न र लगानी गर्नसक्ने अवस्था सिर्जना गर्न प्रयत्नशील अमेरिका प्रयत्नशील रहेको सूचित गर्नुलाई सशंकित हुनुपर्ने कुनै कारण देखिदैन। विश्वशक्ति राष्ट्रहरुवीच शक्तिको प्रतिस्पर्धा होला, नेपाल विकासशील राष्ट्र हुन र ग्रेलिस्टबाट पार पाउन प्रयत्नशील छ। यो स्थितिमा नेपाललाई अमेरिका र कूटनीतिक सम्बन्ध रहेका मुलुकहरूले साथ सहयोग गर्न तैयार हुनु राम्रो हो। नेपालको पूर्वाधार विकासमा अमेरिका, चीन, भारतले सहयोग गरिरहेकै छन्, यो सहयोग अझ बुद्धि हुनुपर्छ। मुख्य कुरा सुशासन, प्रजातन्त्र, मानवाधिकार र नैतिकताको अभाव छ। यसतिर सबै मित्रहरुले तिखो नजर लगाउन जरुरी छ।

# लोकतन्त्रमा राम कहाँ छन्, रामराज्य कहाँ छ ?




देश अपराधशाला बनिसक्यो। लोकतन्त्रका नाममा जता पनि अपराधमात्र देखिन्छ, भोगिन्छ। लोकतन्त्र आएपछि रामराज्य हुन्छ भनेर सपना देखाउनेहरु सत्तामै छन्। न कतै राम छन्, न रामराज्य छ।

जब अन्यायमात्र हुन्छ भने त्यो शासन पद्धति जंगलराज हो। जंगलराज भनेको बाहुबलीतन्त्र हो। जसको शक्ति उसको भक्ति। नेपालको लोकतन्त्रको गतिमति यही हो, यही छ। जो बोकाको टाउको देखाएर कुकुरको मासु बेच्छन् भन्ने आरोप लगाउने गर्थे, १८ लर्षको लोकतन्त्रमा यही भइरहेको छ। जो कुकुर भन्थे, तिनीहरु नै कुकुर बेचिरहेका छन्। जनतामाथि अन्याय थोपरिरहेका छन्।

स्वराजका लागि स्वाभिमान हुनुपर्छ। जो स्वाभिमान तिलाञ्जली दिएर सत्तास्वार्थ पूरा गर्छ, त्यस्ता स्वार्थीहरु राजनीति होइन व्यापार गरिरहेका छन्। व्यापारीको देश हुँदैन। व्यापारी मुनाफाका लागि अर्काको दास बन्छ। हाम्रा नेता जो आफैमा अर्काको दास छन्, दासबाट के आश ? कहाँ छ र तिनमा स्वाधीनताप्रतिको चेतना ?

पद्धति परिवर्तन भयो, जनताले साथ दिए। विदेशीले पनि साथ दिएकै हुन्। त्यो परिवर्तन देश र जनताका लागि हुनसकेन। भनिन्छ, युद्ध जित्नेको नाम चंगेज खान थियो। चंगेज वीरताको नाम, विजयको नाम थियो, बलियो राष्ट्रवादको नाम थियो, देशघातकको नाम थिएन। नेपालका सन्दर्भमा नेताहरुहरु संघर्ष जितेर चंगेज त बने, वीर बन्न सकेनन्। तिनले हाँकेको लोकतन्त्रमा लोक देखिदैनन्, उनीहरु बास्सा बनेका छन्, लोक गुलाम। हामीसँग लोकमत छ, जे पनि गर्नसक्छौं भन्ने अहंकार चंगेज खान हुनसक्दैन। धर्मनष्ट भएपछि अहंकार जन्मने हो, अहंकारी धर्माधिकारी बन्न सक्दैन। हाम्रा नेताहरु राजनीतिक धर्म नष्ट गरेर स्वार्थको स्वर्ग निर्माण गरिरहेका छन्।

हो कुनै दिन जिम्मी कार्टरले जीपी कोइरालालाई दक्षिण एसियाको नेता भनेका थिए, आज कोइरालालाई कसैले सम्झदैनन्। किनकि कोइराला देश र जनताका लागि अभिषाप बनेर बिते। उनको मृत्यु अस्वभाविक थियो। राज्यले सलामी दिने र कार्यकर्ताले मलामीको काम गर्ने, आमनागरिकले नसम्झने व्यक्ति राजनेता बन्न सक्दैन। दिल्लीको जे खायो त्यही पचायो हाजमोला खाने लत बसेकाहरुलाई यो कुरा अपच होला, तर सत्य यही हो। वर्तमान नेतृत्वपंक्ति ऋण, अनुदानमा डकारीरहेछन्।

१८१६ को सुगौली सन्धि गरेर हामीले किल्ला काँगडा गुमायौं। त्यसपछि मन्द अतिक्रमण, १९५० को शान्ति तथा मैत्री सन्धिपछि गतिमान बन्यो। स्थिति यस्तो सिर्जना हुनपुग्यो कि न हाम्रा सीमा सुरक्षित छन्, न स्वराज। हुँदा हुँदा ६६ हजार बर्गकिलोमिटर सीमामात्र मिचिएन, कालापानी, लिपुलेक, लिम्पियाधुरासमेत भारतले खाइसक्यो।

राजनीतिमा देश छैन, भ्रष्टाचार मात्र छ। राजनीति बहुलाले केरा हेरे जसरी हेरेर बसेका छन्। यिनलाई सीमा मिचिदा कतै दुखेन।

राजनीतिमा इमानको धर्म हुन्छ। व्यक्तिको व्यक्तिगत धर्म, घरको घरेलु धर्म, गाउँको गाउँले धर्म, समाजको सामाजिक धर्म, संस्थाको संस्थागत धर्म, राष्ट्रको राष्ट्रिय धर्म हुन्छ। यो शताव्दिमा त मानवाधिकार प्रमुख धर्मको रुपमा देखा परेको छ। देशभित्र यी धर्महरुको स्थिति बलियो छ कि कमजोर ? यही एउटा प्रश्नले हामीलाई घरको न घाटको बनाइदिएको छ। किनकि हामीले राजनीतिलाई आयातनिर्यात गर्ने कम्पनी बनाइदियौं। घरदेखि सडकसम्म, सदनदेखि सरकारसम्म धर्म छैन। जे छ, व्यभिचारमात्र छ। स्वार्थमात्र फस्टाएको छ।

राष्ट्रको स्वाभिमान उभिएको त्रिखुट्टी भनेको धर्म, राजसंस्था र सेना थियो। धर्म रहेन, राजसंस्था किनारा लगाइयो, सेना संविधानको घेराबन्दीमा छु भनिरहेछ। प्रभाव अपराधिकरण भएको राजनीतिको मात्र छ। १८ वर्षदेखि सेनाले देशको शान्तिसुरक्षा, ऐक्यवद्धता र स्थिरताका लागि सेना सचेत छ, सक्षम छ भन्ने अभिव्यक्ति आइरहेछ तर अभिव्यक्तिमा पुच्छर जोडियो- सरकार र संविधानले दिएको कार्यादेशअनुसार। जनता र देशलाई शिरमा राखेर डमरु र त्रिशुललाई शक्तिको स्रोत मान्ने सेना स्वतः धर्म सापेक्ष छ। कूलपूजा र मूलपूजा गरेर अहोरात्र खटिने सेनाको आन्तरिक र बाह्य जिम्मेवारी छन्, बाह्य जिम्मेवारी त बखुवी निभाइरहेको छ सेनाले, आन्तरिक जिम्मेवारी व्यापक छ र व्यापक जिम्मेवारी पूरा गर्न नेपाली सेनाले खुट्टा लरबराउने, लरतरो हिसावले सम्भव छैन, शुरवीरताको साहस देखाउनै पर्छ। राजनीतिलाई आफ्नो कोर्समा छाडिदिने, राजनीति असफल हुनासाथ सेना सक्रिय भइहाल्नुपर्छ। नेपाली सेना राष्ट्रिय धर्मप्रति सचेष्ट छ भन्ने विश्वास जनजनमा छ, यही विश्वासको सम्मान राख्नुपर्ने दायित्व छ सेनामा। सेनाको सकृयता समयको माग हो। किनकि अपराधले सीमा नाघिसक्यो।

खुलस्त भइसक्यो- संसददेखि सर्वोच्चसम्म, नागरिक समाजदेखि सिंहदरवारसम्म दाताहरु दान दिइरहेका छन् र नेतादेखि कार्यकर्तासम्म दानको पोखरीमा पौडिखेलिरहेका छन्। विदेशीले दिएको कार्पेटमा हिड्ने, मेचमा बस्ने, सुखानुभूति र सुविधाभोगी बनेका भोजभट्टहरुले गर्ने निर्णयमा नेपाली सुगन्ध भेटिएला कि विदेशी दुर्गन्ध ? कोही सीमा मिच्ने, कोही शासनमा किला ठोक्ने, कोही दिमाग भुट्ने, सकेसम्म नेपाललाई लुट्ने, हामीभित्र दास प्रवृत्ति बढेकै हो। स्वाभिमान साँघुरिएकै हो। हाम्रै छातीमा हामीलाई नै फुटबल ठान्ने, हान्ने ? विदुरनीति भन्छ- कुनै पनि काम समूहमा गर्नु उपयुक्त हुन्छ। यहाँ जे काम भइरहेको छ, गुटमा, गुटको स्वार्थमा भइरहेको छ। बुद्धले भनेजस्तै हाम्रा नेताहरु 'कुरा अनुसारको काम नगर्दा बास्नाहीन फूलजस्तै' बने। कागजी फूल।

१९७५ मा सिक्किमलाई भारतमा मिलाउने योजना (भारतीय गुप्तचर संस्था रिसर्च एण्ड एनालिसस् विङ) 'र' को थियो। त्यसपछि नेपालको मधेसलाई भारतमा मिसाउने योजना रहेको थियो, 'र' को त्यो उद्देश्य त्यसपछि भारतमा उत्पन्न निरन्तरको राजनीतिक अस्थिरता र १९७७ मा इन्दिरा गान्धीको पराजयका कारणले आजसम्म सम्भव भइसकेको छैन भनेर 'र'का पूर्वअधिकारी आर के यादवले 'मिसन 'र' पुस्तक लेखेरै खुलस्त पारिदिएका छन्। पुस्तकमा यसबारे 'र'का संस्थापक काओले उनलाई जानकारी दिएको पनि उल्लेख छ।

नेपालमा थिङ्क टेंक छन् भने तिनले यो पुस्तक पढेकै हुनुपर्छ। पढेर पनि मुख नखोल्नेहरु निदाएको बहाना गरिरहेका छन्। सार्वभौम, स्वाधीन र लोकतन्त्रको मन्त्र जपेर नथाक्ने राजनीतिक प्राणीहरुलँई ०६३ को जनआन्दोलनले बलवान बनाएको छ। ०७२ को संविधानले कम्युनिष्टलाई पहलमान। यी बलवान र पहलवान नेताहरु कोही पनि राष्ट्रिय अस्तित्व कुन हालतमा पुगेको छ भनेर चूइक्क बोल्दैनन्। जमाना थियो, भारतका जयप्रकाश नारायण भन्थे- यी कस्ता नेता हुन् जो नेपाललाई भारतका सामु नतमस्तक बनाउन दिल्ली आइरहन्छन्। त्यो कालखण्ड र यो कालखण्डमा भिन्नता रौं बराबर छैन, किनकि हाम्रा नेताहरुको राजनीतिक बैतर्णी बागमती बन्न सकेन, दिल्लीको यमुनाकिनार नै कायम छ। राजा, धर्म मास्ने, सेनालाई संविधानको नागपासले बाँध्नेजस्ता ठूला ठूला परिवर्तन त भए, नेतृत्वदायी व्यक्तिहरु दास मनोवृत्तिबाट माथि उठ्न सकेनन्। दास त दास नै हो, जो आफैमा दास छ, दासबाट के आश गर्ने ? दासतामा थिचिदै गएका दासबाट स्वतन्त्रताको के आश गर्नु ?

श्री ३ चन्द्रशमशेरले उहिल्यै दासप्रथा उन्मूलन गरिदिएका हुन्। उबेलाको कुरा कूबेलामा, अहिले देशभित्र खड्ग र प्रचण्ड नागरिकलाई दास बनाउने साँचो बनेका छन्, उनीहरु आफै विदेशीका सामु लम्पसार। लियो टल्सटायले दासताका तीन रुप हुन्छन् भनेर लेखेका थिए, दासताका सबै रुप लोकतान्त्रिक नेपालमा विद्यमान छन्। ०७५ साल असारको अन्तिम हप्ता ब्रम्ह चेलानीले नेपालमाथि भारतले ज्यादति गर्दै आएको छ, नेपालसँग माफी माग्नुपर्छ भनेर के लेखेका थिए, नेपाली बुद्धिजीवीले पो आलोचना गरे। गिदी बस्ने ठाउँमा गोबर भरिएपछि दासता त बढ्नै नै भयो। नेपाल विदेशीका लागि दास उत्पादन गर्ने कारखानाजस्तो मुलुक बनेको छ।

भारतीय सेनाका कर्नल गौतमले 'नर्दर्न सेक्युरिटी अफ इण्डिया' पुस्तक लेखरै १९५० मा नेपाललाई भारतमा नमिलाएर नेहरुले हिमालय भूल गरे, त्यो भूललाई भारतले छिटोभन्दा छिटो सच्याउनु पर्छ। जनआन्दोलन, जनयुद्धका नाइकेहरु जो देशरक्षा र बिस्तारवादबिरुद्ध सुरुङयुद्धसम्मको उद्घोष गर्थे, उनीहरु यतिबेला दास जसरी लम्पसार परेका छन्। सत्तामा पुग्यो कि निहुरीमुन्टी न हुने कस्तो क्षयरोग लाग्यो हाम्रो देशका शासकबर्गलाई ? राजनीतिक क्रान्ति सकियो, अव आर्थिक क्रान्ति सुरुभो भन्नेहरु उही तस्कर, माफिया, भ्रष्ट, अनैतिकहरुसँग रातो चामलको भात खाएर डकार्न थालेका छन्। गरिखाने वातावरण छैन, प्रत्येक नागरिकको टाउकोमा ९० हजार ऋणको बोझले थिचिसक्यो, समृद्धिका हलकारा बनेर छलकारा कुरा गरिरहेका छन्। नेपालको नेतृत्व सम्हाल्ने नेताहरु स्वतन्त्र नेपालका धरहरा बन्न सकेनन्। राजनीति छ तर राजनीतिभित्र राष्ट्रवाद बाँकी देखिदैन।

लोकतान्त्रिक राम कहाँ छन्, रामराज्य कहाँ छ ? राजतन्त्र फालेपछि रामराज्य आउँछ भन्ने यिनै हुन्। हिन्दुधर्म फालेपछि समृद्धि हुने मान्यता राख्ने पनि यिनै हुन्। सेनालाई राजनीतिमा मुछ्न सकियो भने एकछत्र साम्राज्य हुनेछ भन्ठान्नेहरु पनि यिनै हुन्। देशलाई दास पोखरीमा चुर्लुम्मै डुबाएर यिनीहरु आफू त समृद्ध भए, सम्पन्न भए। संविधान बनेपछि, चुनाव सम्पन्न भएपछि सिंहदरवार घरघरमा पुग्छ भनिएकै हो, सिंहदरवारको भ्रष्टाचार र अनैतिकता छताछुल्ल हुनपुग्यो। निगरानी र नियमन गर्ने निकाय लुते पारिएपछि कुखुराचोर बनबिरालाहरु नङ्ग्रा देखाएर बाघ हौं भनिरहेका छन्। झुक्याइरहेछन्।

पूर्वराजा ज्ञानेन्द्रको मनखत एउटै छ- राष्ट्रियताको धून सुन्न पाइएन। जनताले खोजे म यहीं छु भन्ने पूर्वराजा नेतृत्व लिन पनि तैयार भएका छन् तर राजतन्त्र पुर्नर्स्थापनागर्ने शक्तिहरु कुकुर बिरालाजसता बनेका छन्। राजनीतिक गुत्थी सुल्झिएको छैन, राष्ट्रिय मुद्दाहरु सल्टिएको छैन, साधुलाई शूली, चोरलाई चौतारो शासन चलिरहेको छ। अराजकता र अस्थिरता बढ्दो छ।

जो मांसाहारी छन्, तिनीहरु झुक्याउन शाकाहारी कुरा गर्छन्। मौका पाउनासाथ मांसाहारी बन्छन्। समाजवादी लुटाह बनेका छन्। कम्युनिष्ट कम्युन्यालिस्ट बनेका छन्। यिनले स्वराज र सार्वभौमिकता जोगाउँछन् भन्नु सपना मात्र हो। १८ वर्षदेखि देखेको हुटिट्याउँको र यिनको खुट्टी उस्तै छ।






**"कोशीको गौरव हिमालको शान, पर्यटन वर्षमा सबैलाई सम्मान"** नारासहित पर्यटन वर्ष र कोशी प्रदेश लगानी सम्मेलन - २०२५ गत वैशाख १८ र १९ गते सम्पन्न भएको थियो। यो सम्मेलनमा सरकारले १ खर्ब ७३ अर्ब ४९ करोड अनुमानित लगानी जुटाउने लक्ष्यसहित कृषि, पर्यटन, ऊर्जा, उद्योग, पूर्वाधार, आईटीलगायत क्षेत्रका ७१ परियोजना अघि सारेको थियो। प्रधानमन्त्री केपी ओलीले उद्‌घाटन गरेको उक्त सम्मेलनमा लगानीको वातावरण पर्याप्त भएकाले ढुक्क भएर लगानी गर्न आग्रह गरेका थिए। लगानी प्राधिकरण कोशीका निर्देशक डाक्टर सरोज कोइरालाका अनुसार दुई दर्जनभन्दा बढी परियोजनाको सम्झौता भएका छन्।

सम्मेलनको उद्घाटन सत्रमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कुमार कार्कीले प्रदेशमा लगानीको ढोका खुला गर्न सम्मेलन आयोजना गरिएको बताएका थिए। निजी क्षेत्रको सहजताका लागि ८ वटा ऐन संशोधन गरिएको पनि बताएका थिए।

विराटनगरमा आयोजना गरिएको यो पहिलो लगानी सम्मेलन थियो।

कर्णाली प्रदेशका मुख्यमन्त्री यामलाल कँडेलले कोशी प्रदेशको लगानी सम्मेलनले समृद्ध नेपाल निर्माणको अभियान सुरू भएको प्रतिक्रिया दिएका थिए। मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले लगानी सम्मेलन नयाँ सन्देश भएको बताए। एनआरएन अध्यक्ष बद्री केसीले देशको विकासका गैर आवासीय नेपालीले योगदान गरिरहेको र अझै गर्ने बताएका थिए। नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले लगानीको वातावरण अनुकूल छ, निर्धक्क भएर लगानी गर्न आग्रह गरेका थिए। कोशी प्रदेशका प्रमुख प्रतिपक्षी दल माओवादीका नेता इन्द्रबहादुर आङ्‌बोले प्रदेशमा हुने लगानीले देशको आर्थिक विकासको ढोका खोल्ने उल्लेख गरेका थिए। कोशी प्रदेशका पूर्वमुख्यमन्त्रीहरू शेरधन राई, उद्धव थापा र राजेन्द्रकुमार राईले लगानी सम्मेलनले अवसर सृजना गरेको र समृद्धिको ढोका खोलेको बताए।

कोशी लगानी सम्मेलनमा सार्वजनिक-निजी साझेदारीका २७ परियोजनामा १ खर्ब ३५ अर्ब २० करोड र निजी क्षेत्रका १९ परियोजनामा १६ अर्ब ९६ करोड लगानीका लागि प्रदेशका मुख्यमन्त्रीकै उपस्थितिमा एमओयू भएको थियो। कोशी सरकारले लगानी प्रवर्द्धन गर्न कार्यविधि बनाएर कार्यान्वयनमा जाने स्पष्ट पारेको छ। 'वैदेशिक लगानी संघ सरकारको क्षेत्राधिकारभित्र पर्छ, प्रदेशले स्वदेशी लगानी भित्र्याउँछ,' एमओयु भएका सबै स्वदेशी लगानीका आयोजना हुन्।

लगानी सम्मेलनमा एमओयू भएको सर्वाधिक ठूलो लगानी अर्थात ३२ लगानीको उदयपुरस्थित क्लिंकर उद्योग हो। त्यसपछिको २६ अर्ब लगानीको योजना सुनसरी र उदयपुरमा हरित हाइड्रोजन उत्पादन हो। तीभन्दा साना लगानीका अन्य योजनाहरू मोरङ, सुनसरी, धनकुटा, उदयपुर, सोलु, झापा, ताप्लेजुङ, इलाम, खोटाङ्‌मा होटेल, रिसोर्ट, अस्पताल, सपिङ कम्प्लेक्स, बसपार्क, पार्क, पर्यटकीय ताल, विद्युतीय गाडी एसेम्बल प्लान्ट, क्लिंकर उद्योग, वाटरपार्क, हाउजिङ, फोहोर व्यवस्थापन, डिजिटल डाटा सेन्टर, केबलकार, पोडवे, कोल्ड स्टोर, बेसार उद्योग, चिया उद्योग, छुर्पी उद्योग, किबी र एभोकाडो खेती, जडीबुटी उद्योगदेखि कोदोको रक्सी उत्पादनसम्मका छन्।




# भेटवार्तापछि पूर्वमन्त्री गिरिराजमणि पोखरेलको प्रतिक्रिया






*जारी अमेरिका भ्रमणको क्रममा हालै न्यु जर्सीमा अन्तर्राष्ट्रिय र नेपाली कानुनका ज्ञाता र अर्थशास्त्री गालब ढुङ्गानासँग भेटघाट भयो। भेटघाटको निष्कर्ष यही हो : नेपालको आर्थिक रूपान्तरणको लागि उहाँसँग धेरै सकारात्मक सोचहरू छन्। चार दशकदेखि नेपालकै पासपोर्ट लिएर अमेरिकामा काम गरिरहनुभएको रहेछ। बाहिर सार्वजनिक ढंगले चर्चामा पनि आउन नचाहने र सामाजिक सञ्जाल पनि प्रयोग नगर्ने उहाँको मनमा अहिले पनि नेपालप्रतिको अगाध माया पाएँ। आर्थिक रूपान्तरण र विकासले मात्र नेपाललाई आन्तरिक रूपमा मजबुत बनाउन सक्छ भन्ने चेतनालाई सोलार इनर्जीको उत्पादनको दिशामा लागेर व्यवहारमै पुष्टि गर्न खोजिरहनुभएको रहेछ। मनमोहन अधिकारीको नाउँमा स्थापित मोरङमा रहेको प्राज्ञिक संस्थालाई परिवारको तर्फबाट जग्गा मात्र दिनुभएको छैन, त्यो प्रतिष्ठानसँग मिलेर काम पनि गरिरहनु भएको छ। पछिल्लो समयमा आएको ग्रीन हाइड्रोजनको अवधारणालाई काठमाडौं विश्वविद्यालय र त्यसमा कार्यरत कतिपय बुद्धिजीवीहरूले मलाई बुझाउनुभएको थियो। त्यो अवधारणालाई अगाडि बढाउने एउटा स्वप्न द्रष्टाको रूपमा पनि मैले गालबजीलाई पाएँ। सत्ता र प्रतिपक्षमा बस्ने सबैले उहाँको कुरा सुन्नुपर्छ। र, जहाँ समस्या छन्, त्यहाँ समाधान गर्न अग्रसरता लिनुपर्छ। संयुक्त राज्य अमेरिकाको मेरो वैयक्तिक अध्ययन र अवलोकन जारी छ। अहिलेसम्मको एउटा बुझाइः देश छोड्नेहरू मात्र छैनन्, देश फर्किनेहरू पनि तम्तयार छन्, तर शर्त यसका लागि वातावरण बनाउन जरूरी छ। संसारमा छरिएररहेका गैर आवासीय नेपालीहरूलाई नागरिकता दिने सन्दर्भमा आएका जटिलताहरूलाई समाधान गर्ने दिशामा सरकार र संसद्का कदमहरू ज्यादै ढिला र सुस्त देखिन्छन्।*

*(शनिबार, जुन १४, मेरी ल्यान्ड संयुक्त राज्य अमेरिका)*

---

**डा.बिराज सिंह थापा, H2का विशेषज्ञ। उनलाई दिल्लीको उर्जा विज्ञहरूको मा वक्ताका रूपमा निम्त्याइयो र पछि** उनलाई भारतीय नीति निर्माताहरू र ऊर्जा उद्योगका नेताहरूसँग हाइड्रोजन र ऊर्जा भण्डारण सम्बन्धी गोलमेच सम्मेलनमा भाग लिन आमन्त्रित गरियो। नेपालमा :इग भारतमा तरङ्ग, गजबै भयो।







म अमेरिका आएदेखिन् सधै एक-आपसमा एकनासले कुरा गर्ने श्रद्धेय व्यक्ति, अन्तर्राष्ट्रीय वरिष्ठ कानुनविद्, अर्थशास्त्रीय विद्वान, तारा-किशन फाउण्डेसनका प्रेरक आदरणीय श्री गालब बहादुर ढुङ्गानाज्यूसँग अपर्झट भेट भयो। वहाँसँग भेट नभएको धेरै भइसकेको थियो, केहि बर्ष अगाडि मध्य म्यान्हाटनको Empire State Building को ५७औं तलामा रहेको वहाँको निजि कार्यालयमा भेट भएको थियो।

ठुल् ठुला ४-५ रमक्णीय कोठामा ५-६ जना सहायक र सुरक्षाको कडा जाँच पछि पुगिने वहाँको कार्यकक्षबाट न्युयोर्क सहरको पुर्व, दक्षिण र पश्चिम सहरको रमणिय दृश्य देखिने भएकोले कहिले काहि वहाँसँग भेट गर्ने निहुँले साथीहरूलाई निक्कै सुरक्षाका बाबजुद पनि सहर हेर्नका लागि लानेगर्थे।

वहाँसँगको भेट नभएको भए पनि वहाँलाई भेटन जाने नै मनसाय थियो किनकि एउटा समाचार सुनेको थिए "प्रधानमन्त्रीले कोशी लगानी सम्मेलनको उद्धघाटनमा कोशी प्रदेशमा हाइड्रोजन उत्पादन गर्नका लागि श्री गालब ढुङ्गानाले २६ अर्ब रूपया लगानीमा G.I. SOLAR LIMITED FOR FOOD & ENERGY INDEPENDENCE नामको उद्योगको उद्धाटन गर्नु भएको थियो ! प्रधानमन्त्री, मुख्य मन्त्री र सचिवहरूसँगको हस्ताक्षर साटासाट भएको देखेको र सुनेको हुनाले भेटगर्ने उत्सुकता जागेको थियो। मैले समाचार सुनेको र देखेको बेला 'स्क्रीनसट' गरेर राखेको थिए। भेट हुँदा सोध्ने मौका पर्खेको थिए।

वहाँले आफ्ना स्व. बुवा र आमाको नाममा बिराटनगरमा १० बिघा जमिनमा सोलार आयोजना जडान गरेको त भन्ने थाहा थियो तर हाइड्रोजन उत्पादनका लागि अरबौं लगानी गरेको थाहा थाहा थिएन, आज भेट भयो, सँगै खानपिनका साथ भलाकुसारी गरियो, मसँग भएका स्क्रिनसट देखाएँ ! हो रहेछ, अनि फेसबुकमै राखे .. लौ बधाई छ कोशी प्रदेशलाई। यो सफल र सम्पन्न भयो भने कोशी प्रदेशका जनता विश्वकै धनी बन्नेछन् साथै नेपाल देश विकसित राष्ट्रको सुचि भित्र पर्नेमा दुइमत नै छैन ! सफलताको कामना गर्दछौ। (गालव ढुंगानाका साथमा किशन धामी)

**– किशन धामी**

---

**कसैसँग कुनै प्रकारको प्रतिस्पर्धा आवश्यक छैन। तपाई स्वयम् जस्तो हुनुहुन्छ, त्यो एकदम सही छ। स्वयम्लाई स्विकार्नुहोस्।**

**– मित्रता शुद्ध प्रेम हो। मित्रता प्रेमको सर्वोच्च रूप हो, जहाँ केही अपेक्षा हुँदैन। कुनै सर्त हुँदैन। जहाँ केवल आनन्द हुन्छ। जहाँ केवल मित्रता हुन्छ।**

# In the Context of the Auspicious 79th Birthday of His Majesty King Gyanendra Bir BiKram ShahaDev :

## Nationalism and Monarchism in Nepal Two side of a Golden Coin .- Critical Analysis of the people of Nepal

**By UttamKarmacharya**

**Chairman , Auspicious 79th Birthday Celebration Civil Society of Central Committee 2082**

Dear Respectable Radheshyam Thapa
Hardic Namaskar
First of all, I wish to express my heartfelt obligation to you for informing the conformation of the nomination and selection of the Chairperson of the Auspicious 79th Birthday Celebration Civil Society of Central Commiittee of His Majesty King GyanendraBirBiKramShahaDev 2082

It was quiet surpising to me . I was so lucky to became the chairperson of His Mejesty's auspicious 79th Birthday birth this year 2082 . I wish to express my long left and heartfelt obligation to all those respectable Nationalist and Monarchist to recommend my name for the post of Chairman of the birthday celebration this year . I felt mysell very lucky and golden opportunity to became familier with the nationalist-public and manarchist people of Nepal

As a chairperson I got golden chance to present Birth day AbhinanadanPatra / congratulatory Messege to His Megessty amid huge gathering in side NirmalNibaasa Kathandu with fanfare celibration with cultural show, Panchakanya and uspiciosSagang offering wishig His Majesty good health and long life .

It was also very nice opportunity to present a special request letter/ BintiPatra to His Majesty the King with special reference to establish New University entitled "The Spiritual and Moral Universityunder the guardenship of His Majesty keeing in mind the suggestion of Respectable MaheshwarJuJu Rajopadhya and supported by Respectable Devraj Adhikari in the welcome program organized by Nationalists led by Shankar Maghaiya, Paruhan Rai and Kapil Khadgi .

Hardic Namasskaar to all of them including Shishirji and co-general Secretary Sudarsonjji for their continuous efforts to visit Bhaktapur and supporting me where and wheen needed . I am equally grateful and thankful to Mohan Krishna Matangulu, Tulsi Suwal , Arjun Thapa , Shivaram Lohala, Pushpa Narayan Shrestha, Ananta Dhaubhadel, Narayan Pd . Swongamikha, Neel Narayan Koju, Suresh Bajracharya, Indira Karmacharya and other team members of Baashuri Baaja and Poojaa team members for their ever ready help and cooperation to make the morning program a great success inside Nirmal Nibasa .

1 .Shaha Dynasty .
In 1743, Prithvi Narayan Shah became the ruler of Gorkha . He declared war on other principalities, defeating them one by one . In September 1768, he established the unified kingdom of Gorkha . He became the first king of the unified kingdom . He, his sons and their successors continued fighting and defeating other kingdoms and enlarging the kingdom of Gorkha .The Shah kings continued to rule as absolute monarchs until 1846, when the political order changed from absolute monarchy to constitutional monarchy .

**2 .Hereditary prime ministers (1846–1951)**
In 1846, the Rana dynasty gained power in Nepal . The Ranas became prime ministers and reduced the King's status to a figurehead position . The Ranas ruled Nepal as hereditary prime ministers though in the name of the figurehead king . In 1950, the Shah king KingTribhuvan went into exile in India . He and his family, including the crown prince Mahendra, later returned . After India became a secular state in 1950, and the remaining rajas retired, Nepal was the only remaining Hindu kingdom . In 1951, with the help of India, a popular politician common man Matrika Prasad Koirala became the prime minister of Nepal . Tribhuvan returned to Kathmandu . The Shah dynasty regained control and the prime minister, Mohan Shamsher Jang BahadurRana, resigned . King Tribhuvan ruled until 1955 and King Mahendra ruled until 1972 . Mahendra's son, Birendra, became king .

**3 .Constitutional monarchy (1990–2008)**
King BirendraBirBikram Shah; the first constitutional monarch of Nepal . In 1990, under King Birendra, Nepal became a constitutional monarchy after a mass movement from people forced Birendra Shah to restore democracy .[]
On 1 June 2001, some members of the Shah dynasty were murdered in the royal palace . A High Commission report concluded that the royal family was slaughtered by Crown Prince Dipendra . This remains controversial . Among the dead were the Crown Prince's father, King Birendra and his brother, Prince Nirajan . After the attack, Dipendra was in a coma and was declared king for a short time . He died a few days later . GyanendraBirBikram Shah Dev, Dipendra's uncle, took the throne . In February 2005, he dismissed the parliament in order to govern in his own right .

**4 . Abolition of the Shah Monarchy**
On 24 December 2007, Nepal's Provisional Parliament met . It was decided that the monarchy would be abolished in 2008 after the Constituent Assembly elections The motion overwhelming support in the chamber, passing by a 270-vote majority . Of the 329 sitting members of parliament, only three voted against abolishing the monarchy . It was decided that for the time being, Gyanendra would retain his title and continue residing in the Royal Palace, albeit stripped of all political power and authority .
On 28 May 2008, following scheduled elections, the 1st Nepalese Constituent Assembly declared Nepal a Federal Democratic Republic and the monarchy was abolished, removing the Shah dynasty from power . KulBahadurGurung said of the 601 member assembly, 560 voted in favour, 4 were against and 37 were absent or abstained . Following an Assembly agreement involving the Nepali Congress and both Nepalese Communist parties, (the Leninists and the much larger Maoist faction), Gyanendra stepped down . Gyanendra vacated the palace in Kathmandu which later became a museum . Until they could find permanent accommodation, the royal couple were offered residence as commoners at the Nagarjuna Palace, a former royal summer residence . The Nagarjuna palace lies in forested hills about eight kilometres (five miles) northwest of Kathmandu .

**5 . His Magesty the King Gyanendra**
**Gyanendra Shah**born 7 July 1947) is the final monarch of Nepal, ruled from 2001 until 2008, when the monarchy was overthrown . He briefly held the throne as a child between 1950 and 1951, when his grandfather Tribhuvan and his family fled to India for political reasons . His second reign, which began following the 2001 Nepalese royal massacre, was characterised by constitutional upheaval .
His brother, King Birendra, established a constitutional monarchy and delegated policy to a representative government . During Gyanendra's reign, the growing insurgency of the Nepalese Civil War disrupted representative elections . Following several election delays, Gyanendra suspended the constitution and assumed direct authority in February 2005, claiming that it was a temporary measure to suppress the Maoist insurgency after civil governments failed to do so . In April 2006, despite widespread opposition, he restored Nepal's previous parliament . He was deposed two years later by the first session of the C A, which declared the country the Federal Democratic Republic of Nepal and ended the 240-year-old Shah dynasty .

**6 . Early life and first reign**
Gyanendra was born on 7 July 1947 in the old Narayanhiti Royal Palace in Kathmandu, as the second son of Crown Prince Mahendra and his first wife, Crown Princess Indra . After his birth, his father was told by a court astrologer not to look at his newborn son because it would bring him bad luck, so Gyanendra was sent to live with his grandmother .
In November 1950, during a political plot, both his father and his grandfather King Tribhuvan, along with other royals, fled to India, leaving the infant Prince Gyanendra as the only male member of the royal family in Nepal . He was brought back to the capital Kathmandu by Prime Minister Mohan Shamsher, who had him declared king on 7 November 1950 . Not only was Gyanendra crowned, but coins were issued in his name . The Rana prime minister provided a 300,000 rupee annual budget as expenditure for the king . After opposition to the hereditary rule of the Rana prime ministers from India, a deal was reached in January 1951, and Gyanendra's grandfather King Tribhuvan returned to Nepal and resumed the throne . The actions of the Rana regime to depose his grandfather and place Gyanendra on the throne were internationally not recognized .
Gyanendra studied with his elder brother King Birendra at St . Joseph's School, Darjeeling, India; in 1969, he graduated from Tribhuvan University, Kathmandu . He served as the chairman of the Advisory Committee for the Coronation of his brother King Birendra in 1975 . He is a keen conservationist and served as chairman of the King Mahendra Trust for Nature Conservation (later known as the National Trust for Nature Conservation) from 1982 until his reaccession to the throne in 2001 .
Gyanendra married his second cousin KomalRajyaLakhsmi Devi on 1 May 1970 in Kathmandu . They have two children: Prince ParasBirBikram Shah Dev (born on 30 December 1971) . Princess PreranaRajya Lakshmi Devi Singh (born on 20 February 1978) .
Gyanendra again assumed the throne after many other royal family members, including King Birendra, were assassinated on 1 June 2001 by Gyanendra's nephew Crown Prince Dipendra, who was titular king for a brief period before succumbing to a self-inflicted gunshot wound . These events and the ensuing investigation proved very controversial . A two-man investigation team appointed by Gyanendra and made up of Keshav Prasad Upadhyaya, then-Supreme Court Chief Justice, and TaranathRanabhat, then-Speaker of the House of Representatives, carried out a week-long investigation . After interviewing more than 100 people—including eyewitnesses, palace officials, guards, and staff—they concluded that Dipendra had indeed carried out the massacre, but they drew no further conclusions .[]As his nephew lay in a coma, Prince Gyanendra was named regent; but after King Dipendra's death on 4 June 2001, Gyanendra resumed the throne .

**7 . 79 Auspicious Birthday National Civil Society Celebration Committee 2082 .**
Mr . Shakar Maghiya was kind enough to visit me regarding the request invitation to be the chief guest on behalf of National Political Awareness Campaign ( RatriyaRajnaiticJagaranAbhiyan ) some weeks back . I know him very well and used to visit me time to time to share the National Weekly SwatantraSancharyagramspecially with the news and article of National Festive Time Reform Society of Nepal and related articles of Mr . MaheshworJuju and himself with especial reference to National Political Awareness Campaign related news and articles . Going through several issues of National Weekly SwatantraSancharyagram I felt myself enriched on of National Political Awareness Campaign and National Festive Time Reform Society of Nepal .We appreciate him very much for the important role he played for the promotion of Nationalization and patriotism . As I know he did a wonderful job as a coordinator of to organize a national program to felicitate the ten writers of book recently published ( 2076/ 2019 entitled My Greater Nepal edited by Mr . RajanKarki . It was a remarkable and exemplary Ceremony conducted by himself as a master of the ceremony . He came to me to offer invitation letter signed by Mr . ParuhangKuthumeRai VP of the National Political Awareness Campaign with Mr . Maheshwor Juju and Active member Mr . Krishna LallShrestha . Thank you so much Mr . Shaker Maghiya for your consideration and honor . To understand more about the Nationalism and Monarchism in Nepal , we have to study very seriously following documents :
*1 . Mr . RajanKarki - Senior journalist; Editor of Gorkha Express; writer of different books; Editor of the book My greater Nepal ; and Matobadi*
*2 . Mr . Bharat Dahal - Nationalist; Thinker for promote nationalism;*
*3 . Mr . PremsagarPoudel – Chairperson Dafe TV; active social thinker .*
*4 . Mr . Buddhi Narayan Shrestha – Boundary expert; nationalist ; writers of several books; and interviewee of several TVs of Nepal*
*5 . Mr . NarendraPdUpadhyaya- Editor of Telegraph; senior journalist; patriotic/ nationalist; political and thinker/ analyst .*
*6 . Prof .Dr . ShastraDattaPanta (SD Panta ) - writers and nationalist*
*7 . Mr . RatnaSansarShrestha, FCA - former administrator; hydrologist; social reformer; and political analyst*
*8 . Mr . Dirgh Raj Prasai – Farmer administrator; profounder of Hinduism/ monarchy; nationalist and social reformer*
*9 . Mr . Basanta Khadka – young social catalyst ; young journalist; involved in many civil societies / newspaper; creator of youth voices .*
*10 . Mr . SadhyaBdr . Bhandari –revolutionist of citizenship issues; Nepal nationalist; motivator of sustainability of Nepal traditional values .*
3 .Special Awardees
Analysts dual of My Greater Nepal former General high level military/ nationalist; thinker social reformer; Dr . PremsinghBasnet and Historian strong Nationalist ;popular socio-political analyst prof . Dr . Surendra KC and the publisher of the book The greater Nepal ; managing committee member of RatnaSagar publication ; expertise of collection and reading books ; nationalist; social reformer; and mobilizer of social conscience/ consensus Mr . Mohan Bdr . KC were also felicitated with regards / honor and certificate of appreciation in response to their valuable contributions . Major impressions
1 . Aforesaid ten write-ups with a preface of Mr . RajanKarki can be considered as a first land mark in the history of Nepal with special ferefence to the political, socio-economic and valuable resources of Nepal being used and under used assest of Nepal because of the unbearable hegemony of India for the last fifty rears and beyond .
2 . The book can be considered as a resource book for all Nepali citizen of Nepal and working in foreign diplo0matic mission specially in China and India and neighboring countries of Nepal .
3 . The can be prescribed as a textbook of for the political science college and university students .
4 . The book can also be considered as a reference book for the national and international border issues of Nepal and Neighb**o**ring countries .
5 . The official personnel of the ministry of defense and security shod study this book thoroughly time to time .
6 . The Nepali high level office as the office of the priminiter shroud have orientation program of these ten writes to all parliamentary members and concern personnel for their information and knowledge .
7 . The book will be very useful for having study on international law and international affairs .



8 . The book can be prescribed as a major document for the semina and interaction program of international policy and diplomacy with India and nearby countries . The book should be used as a reference book in the libraries of all ministries especially in the library of parliament and cabinet .
9 . This book should be used as a textbook special the ambassadors of India and China .
10 . The foreign ministers and priministers of Nepal shroud study this book thoroughly time to time .
11 . With the consideration of the important issues and valuable issues of all concerning writers this book should be widely disseminated as soon as possible .
12 . For these purpose, there is an urgent need of publishing this book in Nepali version for wider use and dissemination .

To sum up and conclude this write up, the writer wishes to congratulate all respectable distinguished Writers of different walks of life for their valuable contribution for the promotional issues of The Greater Nepal in different issues in the days to come . All Nepali People are very interested to go through this valuable book in Nepali version as soon as possible
Since then I have become regular readerof the books on Nationalism and Diplomatic Relation .

**8 . Major iist of documents of Nationalism and Monarchism in Nepal .They are :**
1 . Our Nepal Greater Nepal published by RastriyaSamaajaSudhaar 2059
2 . History of Nepal SLC course book before New Education System Plan 1972 (NESP)
3 . The Greater Nepal book edited by Senior National Journalist (Patrakar) Respectable RajanKarki of Gorkha Express weekly
4 . Nepal Parichaya syllabus / book implemented after NESP
5 . SahidSramiteeGrantha published from SahidaChiniyaLaalaShrestha and UshasingSamriti Academy 2023
6 . The constitution of Nepal 2009; 2017; 2047 and 2072
7 . Indian independence Day and Nepal Democracy day 2007 BS
8 . HM The King Mahendra and Rotary International Nepal Kathmandu
9 . Peace Proposal of Nepal initiated by late HM King Birendra
10 . 72 features of Nepal in the Google net system
11 . Foreign policy of Nepal with reference to the foreign policy of HM the late King Mahendra and Birendra .
12 . National and International Boundary of Nepal books published and written by Buddhi Narayan Shrestha
13 . Amar SahidhaChiniyaLaala Singh published from SahidChiniyaLaala and Usha Singh Memorial Foundation 2074 published in 2076 BS
14 . The King Mahendra and 2017 BS written and published by DigharajPrasai, 2047
15 . Raja MhendraKo Rastraabad by Dr . Shastra Dutta Pant published in 2071 Poush 01
16 . Collection of documentation on Nationalism and Monarchiism from different countries specially from Israel and Monarchical countries and University of Natinalism and its curriculum and different level of test books
17 . Biodta of Late PM Marichman Singh Shrestha
18 . My article on the king is dead , long live the king
19 . The crown and tha King /His Majesty of Nepal
20 . The King can do no wrong for the country .
------

**( Professor Dr . Uttam Karmacharya )**
*1 . Director, Dr . Iwamura Memorial Hospital . Bhaktapur*
*2 . Director, Iwamura College of Health Science .*
*3 . BOD Nepal Japan Health Care Foundation*
*4 . Board of Directors/ advisor, Shiddi Memorial Foundation (Children and Women Hospital) Nepal .*
*5 . Consultant Advisor and Hon' Principal, Chankaya Educators and Research Center .*
*6 . Country Director, Nepal Consultant /Adviser Asian desk Legal Office Tokyo Japan .*
*7 . Coordinator of the DKPS Japanese Project in Nepal;*
*8 . ADB Consultant and Visiting Professor .*
*9 . Advisor of the Japan supported Janajyoti School Management*
*10 . Former advisor of the Banepa and Bhaktapur Municipalities .*
*11 .Chairman ,Yakheshwor S/C Cooperatives .*
*12 .Past President, Rotary International, First Rotary Club of Bhaktapur .*
*13 .Chairman SL Technical College .Bhaktapur Nepal*
*14 .First Research Consultant and team Leader to Nanjinig University China*
*15 .BOD/ SMC Jaycees English School, Bhaktapur*
*16 .Former member of TUFOE Education Subject Committee and Bhaktapur District Education Committee*

# Smash And Grab

*By Sunanda Datta Ray*

CHAPTER 17 **Thumb Impression**
the powers of Chogyal, PO, chief executive, and chief minister in a single functionary whose "special responsibility" became a magic formula to justify every conceivable kind of political and administrative dictation .
It was neither here nor there that an official statement from Beijing vehemently denounced this climax . However, five years later when Princess Soyang-la applied for a visa in Kathmandu to visit her mother in Tibet, the Chinese embassy told her she was welcome to go to Lhasa, but that the Chogyal's sister-in-law could not travel on an Indian passport . Instead, they gave her a laissez-passer recognizing her Sikkimese nationality and enabling her to enter Tibet as a subject of the Chogyal's .
This was contrary to the letter and spirit of the thirty-eighth amendment, but New Delhi raised no objections . Justice Hidayatullah's view was that such amendments had no force in Sikkim because "no law of one state can affect the status of an agreeing state, a party to a treaty" Only another treaty—not the Indian constitution—could alter the kingdom's position . contd . . . .

Gorkha Express Weekly
राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक

# हाम्रो नेपाल ठिक्कको देश


डा. शास्त्रदत्त पन्त

पञ्चायत एक दलीय तानाशाही, बहुदलीय उदारबाद थिएन। अमेरिकाको एउटा राज्यमा दलबिहिन शासन पद्धति छ । त्यो राम्ररी संचालित पनि छ । त्यसैले तीस वर्ष लामो पञ्चायत शासन कालमा न त राजनीति भित्र पसेर विदेशी शक्तिले आ-आफ्ना स्वार्थ साधनका लागि चलखेल गर्न सकेका थिए । पञ्चायत काल पछिका सबैजसो निर्वाचित प्रतिनिधि सभाले कहिल्यै आफ्नो आयु पुरा गर्न पाएनन् । आयु दोब्बर पार्दा पनि जिम्मेवारी पूरा नगरीकन विघटन भयो । विघटन गर्ने खेल खेलिए । खेलाउने शक्ति भने विदेशी थिए । संविधानसभा र त्यसपछिका १८ वर्ष पनि विदेशी शक्तिले खेलाए ।

त्यतिखेर राजा थिएनन् । दरबारको भूमिका थिएन । राजा नभएको अवस्थामा जन प्रतिनिधिको इज्जत, प्रतिष्ठा र गरिमालाई शिखरमा पुऱ्याएर प्रजातान्त्रिक अभ्यास र जनताको पूर्ण सार्बभौम शक्ति सम्पन्न शासनको नमुना देखाउनु पर्ने ठाउँमा दलले जनप्रतिनिधिलाई जनताको प्रतिनिधि नबनाएर दलका आज्ञापालक, दलका नेताको सेबक बनाइएर हास्यास्पदमा परिणत गराइएको छ । छिःछिः र दूरदूरको पात्र बनेकाछन् । दल संसदीय पद्धति यति धेरै विफल हुँदासम्म दृश्य र अदृश्य शक्तिको उक्साहटमा भएको आरोप लगाउन छोडेनन् ।

कर्णाली देखि कोशी सम्मका २२ भागमा बिभक्त भएका रजौटाहरूलाई “वाइसे” राज्य भनिन्छ । यो चौधौं पन्ध्रौं शताब्दि तिरको कुरा हो । यसलाई खस राज्य अथवा खसान क्षत्र पनि भनिन्छ । त्यसदेखि पूर्वतिरको भूभागमा १८ थरी मगर र ६ थरी गुरूङहरूले स-साना रजौटाका रूपमा गर्ने गरेको शासन अवस्थालाई चौविसे अथवा भूरे-टाकुरे राजाका रूपमा गनिन्छ । ती राज्य आपसमा लड्ने भिड्ने मात्र गर्दथे । जनताबाट तिरो उठाएर खान्थे, बदलामा जनहितको लागि केही काम गर्दैनथे । “बाइसे चौविसे” र “ भूरे- टाकुरे” शब्द जनजिब्रोमा अझै कायम छ । बाइसौं सताब्दीको आजको अवस्थामा पनि त्यही कलह दोहोरिएको छ । यसले देशलाई त्यही अवस्थामा फर्काउने “कलह-प्रवृत्ति” लाई पुनर्स्थापन गर्न खोजेको प्रतित हुन्छ । देशभरका यी स-साना रजौटा एउटै वंश र विहाबारीबाट बाधिएका नालनाताले जेलिएका कुटुम्ब भएर पनि एउटा शक्तिसम्पन्न ठूलो राज्य बनाउने खुबी राख्दैनथे । उल्टै मुखबुझो लगाउन काठमाण्डौका मल्ल राजाले आफ्ना छोराहरूलाई काठमाण्डौ, पाटन, भक्तपुरआदिमा अंश लगाइदिए । पर्वतका राजा प्रतापी नारायण मल्लले पनि आफ्नो राज्य आफ्ना तीनभाइ छोरालाई गलकोट, पर्वत र कास्की राज्यमा अंश दिएका थिए । पाल्पाका राजा मुकुन्द सेनका छोराहरू माणिक, मृङ्गि, विनाएक र लोहान सेनले राज्यलाई बाँडेर अंशवण्ड गरेका थिए । लोहान सेनको राज्य पनि उनका छोरा महिपति र माषिवच सेनले विजयपुर र मकवानपुरमा बाँडेर राज्य चलाएका थिए । मिलेर बलियो बन्न सकेनन् । फलतः आजसम्म नेपाल दुर्गम र पछौटे देशमा परिणत भएको छ ।

शाहका ८ र सेनका ६ राज्यमा सेनले २०७ वर्ष शासन गरेकाथिए भने शाहले त्यसभन्दा धेरैलामो कालसम्म शासन गरेको थिए। बाइसे (२२ से) राज्यहरूमा १.जुम्ला, २.डोटी, ३.बझाङ, ४.अछाम, ५.थलरन,६.दैलेख, ७.जाजरकोट, ८.वाफी, ९.दाङ-देउखुरी, १०.फलेवाड, ११.रोल्पा, १२.रूकुम, १३.मुसिकोट, १४.खुङ्गाकोट, १५.भृङ्गिकोट, १६.जहरी, १७.चिली, १८.मालनेटा, १९.झाला, २०.गोताम, २१.गोरीकोट, २२.गणुर थिए । चैबिसे राज्यहरूमा १.प्यूठान, २.पर्वत, ३.गलकोट, ४.इस्मा, ५.धुरकोट, ६.अर्घा, ७.खाची, ८.गुल्मी, ९.पाल्पा, १०.गरहुँ, ११.पैयुँ, १२.सतहुँ, १३.भीरकोट, १४.नुवाकोट, १५.कास्की, १६.ढोर, १७.जाजरकोट, १८.रिसिङ, १९.घिसिङ, २०.तनहुँ, २१.लम्जुङ, २२.गोर्खा, २३.तार्की, र २४.मुसिकोट थिए । रजौटाको संख्या बेलाबेलामा थपघट हुने गर्दथे । सीमा र क्षत्र अदलबदल हुने गर्दथे । त्यस अवस्थामा राज्यको संख्या पनि थपघट हुने गर्दथे । उदाहरणकालागि लिगलिगको घले राज्य, गोरखाको खड्का राज्य, लम्जुङको रागिनास, वारपाक राज्य, स्यानतान राज्य, आठशय खोला राज्य, केरूङ, ( हाल तिब्बमा) राज्य, सल्यान खरी, मैदी राज्य, धादिङ राज्य, तनहुँको सेन राज्य, मकवानपुर, विजयपुर, चौदण्डी (बुटवल), धुर्कोट आदि राज्यका नाम लिन सकिन्छ।

त्यसै गरेर बिशाल नेपाल अन्तरगत, पूर्वमा १.सिक्किम, २.दार्जिलिङ्ग, ३.सिलिगुढी राज्य थिए । पश्चिममा रहेका राज्यमा १.श्रीनगर, २.गढवाल, ३.कुमाउँ, ४.अलकानन्द, ५.अलमोडा, ६.गढवाल, ७.सिरमौर, ८.पाटी आदि राज्य थिए ।

नेपाल केवल बाइसे र चैबिसे भनिने ४६ वटा राज्यको संयुक्त मात्र होइन । यसमा ४६ देखि ७५ सम्मका राज्य रजौटा थिए । नेपाल एकिकृत भइसकेपछि पनि राज्यरजौटालाई भत्ता दिने गरिएको थियो । यी राजाले स्थानीय शासकका रूपमा ठाडो शासन गर्दथे । तिरोभरो ठेकी बेठी उठाउँदथे । वन नदी, सत्तलपाटी, मठमन्दिरको हेरचाह गर्दथे । बेठबेगारी बोलाएर बाटोघाटो पुल साघुको मरमत संहार गर्दथे । राज्य रजौटा अबैज्ञानिक, असंगठित भएको हुनाले श्री ५ महेन्द्रबट २०१८ साल जेष्ठ १० गतेदेखि उन्मुलन गरिदिएका हुन् । केवल चारबटा रूकुम, मुस्ताङ, बझाङका राजाले जीवनभरि भत्ता पाउने गरी बाँकीलाई एकमुष्ट रकम दिएर तत्कालै उन्मुलन गरिएको थियो । राजा रजौटा उन्मुलन भएको हो ।

पञ्चायती व्यवस्थाको सबैभन्दा ठुलो उपलब्धि के हो भने देशभरका राजौटा राजाले आआफ्ना राज्यमा अलिखित नियमबाट आफुखुसी नियम बनाएर दण्ड जरिबाना लगायत सामाजिक क्षत्रमा जातपात समेतको नियम बनाएर लागू गरेका थिए । पञ्चायती व्यवस्थाले लिखित कानुन द्वारा देशभर एउटै कानुनबाट शासन गराइयो । तिनै राजारजौटा नै पञ्चमा चुनिए । तिनलेनै कानुन र नियमलाई लागु गरिदिए । त्यसो भएकाले क्रान्तिकारी परिबर्तन हुदा पनि शान्तिपूर्ण भयो । आम जनताले केही पनि अप्ठेरो महसुस गरेनन् । यस्को श्रेय राजा महेन्द्रलाई जान्छ । वर्तमान नेपाल विश्वमै ठिक्कको देश हो, न सानो न ठुलो । यो देश सन्तुलित छ । व्यवस्था गर्न सजिलो छ । नेपालको क्षेत्रफल र जनसंख्या दुबै दृष्टिले विश्वको उपयुक्त देश हो । विश्वका १९६ मुलकमा क्षत्रफलको हिसाबले नेपाल ९५यौमा स्थानमा पर्दछ । जनसंख्याको हिसाबले ४६ सौ स्थानमा पर्दछ । क्षत्रफलमा नेपालभन्दा साना १०१ र ठुला ९४ मुलुक छन् । त्यस्तै जनसंख्याको हिसाबले नेपालभन्दा भन्दा साना १५० देश छन् भने नेपालभन्दा ठूला ४५ देश छन् (संरासं.२०१३, विकेपिडिया) ठूलो देशको शासन सुव्यवस्था गर्न संघात्मकता अपनाउनु पर्ने हुन्छ । साना देशले एउटै केन्द्र राज्यबाट शासन गर्दा उचित हुन्छ । यो शासन सस्तो र छिटो हुन्छ । साना देशले आफ्नै स्वतन्त्र स्वअस्तित्वमा उभिएर राज्यको सुव्यवस्था गर्न सक्दैनन् भनेर बिश्लेषकले भन्दछन् । त्यो सरासर गलत हो । यो कुरा देशको श्रोतसाधन र त्यसको परिचालन गर्ने व्यवस्थापकीय खुबीमा निर्भर गर्दछ । नेपाल श्रोत साधनले सम्पन्न मुलुक हो । नेपाल चीन र भारत दुई ठूला छिमेकी देशका बीचमा रहेको कारणले मात्र सानो देश भन्ने गरिएको हो, सानो देखिएको हो । दुईटा ठूला देशका बीचमा रहनुलाई कतिपय विद्वत समूहले दुर्भाग्य मान्दछन्, प्रगति गर्न नसक्नुको कारण मान्दछन् । मेरो विचारमा यी दुई विशाल भूभाग र विशाल जनसंख्याका बीचमा रहन पाउनु नेपालको अहोभाग्य हो । नेपाल पछाडि पर्नुको कारण नेपाली सत्ताधारीको गलत प्रवृत्ति एक मात्र कारण हो । नकारात्मक सोच हो । अन्ध स्वार्थ हो । यही नै अराष्ट्रिय पन पनि हो । यो प्रवृत्ति २००७-०१७ बीच जन्मेको हो । पञ्चायतकाल भरि यो केही दबेर रह्यो । २०४६ सालमा नेपाल पुनः बहुदलीय पद्धतिमा प्रवेश गर्‍यो । त्यस पछि दलभित्रै खुट्टा तानातान बढ्दै गयो । बि.सं. २०६३/०६४मा ठूलो परिवर्तन भयो । त्यस पछि अव्यवस्था वनमारा घाँस जस्तै झाङ्गिदै गयो । वनमाराले ढाकेको छ ।

बहुदलीय व्यवस्था भनेको सबै खाले राजनीतिक सिद्धान्तको ‘दल’ नामका स्टल राखेर पसल थाप्न पाउने व्यवस्था साबित भएको छ । आम जनतालाई जुन सुकै पसलबाट खरिद गर्ने छुट हुन्छ । तर यस बीचका नेपालका दलले जनताले छान्न पाउने हक मिचेका छन् । दल सिद्धान्तमा आधारित छैनन् । ती व्यक्तिमा आधारित छन् । दल राष्ट्रोत्थान र जनसेवामा समर्पित छैनन् । ती आफ्ना जत्था, लडाकु दस्ता बनाउन तल्लिन छन् । राष्ट्रका सबै खाले श्रोत साधन उनीहरूका लागि मात्र प्रयोग भएका छन् । जनताले समान र निस्पक्ष भावले सेवा पाउने अवस्तै छैन । अरू कुरै छाडौं, आफ्नो ज्यूधनको सुरक्षा पनि पाउन सकेका छैनन् । कतिपय दलले जनता भनेका त्यस दलको सदश्यता प्राप्त गरेका मानिस मात्र मान्दछन् । त्यस्तो सोच राख्नेले दलका आफ्नै अस्पताल, आफ्नै विद्यालय महाविद्यालय, आफ्नै यातयात सेवा, आफ्नै संचार माध्यम आदि निर्माण गरेका छन् । कार्यकर्ताले सेवा पाएपछि जनताले सेवा पाएको ठान्दछन् । आम जनतामा सिद्धान्त बुझेर सिद्धान्तप्रति आस्था राखेर दल प्रवेश गर्ने वा मत दिने कुरा हटिसकेको छ । कुन दलमा प्रवेश गरेमा आफ्ना र आफ्ना परिवारको जनधनको सुरक्षा हुन्छ भनेर प्रवेश गर्ने संस्कारको विकास हुँदै गयो । तठस्त बस्न नपाउने वातावरण बनेको छ ।

दलीय पद्धति आफैमा खराव होइन । तर पनि व्यबहारले हामी कहाँ दलीय पद्धति असफल हुँदै गएको देखिन्छ । (हेर्नहोस : **वाद कि व्यक्ति**) हामी कहाँ प्राकृतिक सौन्दर्य, हिमाल, पहाड, पर्वत र तराई छ । भित्री मदेश र मदेश छ । विविध वनस्पति छन् । मूल, झर्ना, ताल, नाला, खोल्सा, खोला, नदी को बनोट सुन्दरतम छ । पानीको प्राकृतिक व्यवस्था उन्नत छ । वनको विविधताले सर्बोच्च श्रोत बनाउने क्षमता राख्दछ । विविधताले विश्व पर्यटनलाई आकर्षण गर्न सक्छ । पर्यावरणीय संतुलन छ । पशुपक्षीको सन्तुलन छ । फल र फूलको बिचित्रता छ । बाग बघैचा अनौठा छन् । धार्मिक साँकृतिक आस्था, तिनको संस्कार संस्कृतिको जगेर्ना विश्वमै द्वितीय छ । बसोबासको तरिका बिचित्रको छ । वास्तुकला अनौठो र वैज्ञानिक छ । खानपिन र रहनसहनमा मौलिकता छ । संस्कार, संस्कृति र सभ्यता उँचो छ । यी सबैको बाबजुत शासक बर्गमा व्यवस्थापकीय सीप छैन, सकारात्मक सोच छैन, दीगो मूलनीतो छैन, सर्बाङ्गिण विकास पद्धति छैन । मौलिक छैन , बिदेशीको लदान छ । फलतः हामी पछाडि छौं । देश पछाडि छ । मध्यरातको अन्त्य हुनै सकेको छैन । पहिले यदाकदा हुने मध्यरात अब फटाफट देखिन थालेका छन् । नेपालका बासिन्दामा पौरस्थ्य सभ्यताको संस्कार छ । त्यो भनेको संयुक्त परिबार पद्धति हो । अर्मपर्म पालो पैंचो, हुद्दा, धर्म सभाको निर्णय मान्ने प्रजातान्त्रिक अभ्यास हो । त्यसको सार हो अनेकतामा एकता । जात थरमा, चाडबाडमा, संस्कार सभ्यता र संस्कृतिमा, अनेक भाषभाषीमा, अनेक थरी हाबापानी, ऋतु हरूमा एकता, हिमालदेखि तराईसम्मका मौसम, खेतीपातीमा, लेक बेसी सबैमा एकता नेपालको बिशेषता हो । नेपालको भूगोलको बिबिधता, रूखबृक्ष लहरा पहरा, फलफूल मा एकता । यो एकताले पर्याबरणमा समेत संतुलन कायम गर्ने विश्वको उत्कृष्ट मुलुक हो, नेपाल ।

# प्रेमको लत ड्रगसको भन्दा गाढा


सुरेशकुमार पाण्डे

नेपालगञ्ज आसपासको एरिया र यहाँ भएको प्रसिद्ध रानीतलाउलाई लिएर साहित्यकार ***कल्पना खरेलले एउटा अर्को उपन्यासको रूपमा २०७९ मा ‘रानीतलाउ’ लेखेकी छन् ।***

जसलाई संपादन रोशन दहालले गरेका छन् र मञ्जरी प्रकाशन गृहले प्रकासित गरेको छ, अशोक खनालले सुन्दर आवरणमा सजाएका छन्, मुद्रक दिदी बहिनी प्रिन्टिङ् प्रेसले गरेको छ । भूमिका डा.दामोदर पुडासैनी ‘किशोर’ले मिहिन तरिकाबाट लेखेकाछन् । चितपरिचित लेखिका किरण आचार्यको पनि शुभकामना लेख छ, अन्तिममा लेखिका खरेलको धन्यवाद लेख छ । नेपालगञ्जको बारेमा मध्यपश्चिम स्रष्टा नेपालगञ्जले ‘सद्भावको सहर नेपालगञ्ज’नामक पुस्तक प्रकासित गरेको थियो । बाँके, बर्दिया, कैलाली, कञ्चनपुर सन् १८६१ तिर अंग्रेजबाट जङ्गबहादुरले फिर्ता पाएको भूभाग हो ।

यस कृतिमा हिंदी भाषा पनि ठाउँठाउमा प्रयोग भएको छ ।

मुख्य पात्र- रेखा (म), बब्लु, पिङ्की, लतिफ, र उनिहरूको बा आमा, अनि सहायक बुधनी, रञ्जन्, प्रशान्त, चाँदनी लगायतका छन् । यहाँ गरिब, धनी र जातिय आधारमा भएका बिभेदहरूको बारेमा गहन प्रश्नहरू र त्यसको समाधान पनि खोज्ने सक्दो प्रयास गरिएको छ । अन्तरजातीय प्रेमलाई समाजले हेर्ने दृष्टिकोण र अन्तरजातिय प्रेम पछि प्रेमिल मनहरूले खेप्नुपर्ने पिडालाई कथाले जीवन्त बनाएको छ ।

कथा सुरूसुरूमा केटीहरूको साररिक अबस्था र उनिहरूलाई हेर्ने सामाजिक दृष्टिकोण, त्यसबाट पर्ने मानसिक प्रभावलाई मिहिन ढङ्गबाट उठान गरिएको छ । कथा सामयिक छ ।

आजको पुरूषप्रधान समाजमा यसरी निडर भएर लेखिकाले सबै सामाजिक जालोलाई च्यात्ने आँट गरेकी छन् ।

लेखिकाबाटे ‘रानीतलाउ’ उपन्यास प्राप्त गरेको हुँ । पुस्तक पढेपछि पाठकीय




प्रतिकृया लेख्ने जमर्को गरें ।

रेखा सँगसँगै पाठशाला जाने चाँदनीको कथा अत्यन्तै मार्मिक छ, जसले पाठकलाई भाबुक मात्र बनाउँदैन, लज्जित पनि गर्दछ । एउटी तेह्र वर्षिय केटी जसको भबिष्यनै जातीय परमपराको बली चढ्न पुग्छ । ऊ अचानक स्कुल आउन छाडेपछि रेखा उसको पत्ता गर्न उसका घरमा पुग्छे र उसैको मुखबाट जो कथा सुन्छे त्यो हरेक व्यक्तिको लागि पिडादायक छ । आजको समाजमा पनि जातीय विभेद, देहव्यापारले सर्मसार बनाईदिन्छ । रेडलाईट एरियामा भएका यस्ता घटनाहरूलाई भण्डाफोर गरेको छ । कथाले समाजमा हलचल ल्याउँछ ।

लतिफ पनि स्कुल आउन छाड्यो । एउटा धर्म इस्लाम धर्म उनिहरूको कानुन जसले बाल बच्चाहरू जन्मिनु अल्लाहको देन भनेर रोक्नुलाई पाप सम्झिन्छन् । जब रेखा उसका घरमा पुग्छे । लतिफ भाई बहिनीहरूलाई पाल्न पढाई छाडेर कलिलै उमेरमा रिक्सा चालाउन थालेको हुन्छ । उसको बाउले माटाका भाडा बनाएपनि त्यो बिक्री हुन्न । गरिबी झन झाँगियो अनि नौ दश भाइबहिना कसरी पाल्ने ? लतिफलाई सम्झाएर परिक्षा दिन रेखाले लगाउँछे ।

रानीतलाउ एउटा संसार नै बनेको छ । नेपालगञ्जको गर्मी लामखुट्टे र खुल्लामा पाइखाना जाने अहम मुद्दाहरूलाई कथाले उठाएको छ ।

पिङ्की, लतिफ, बल्लु, रेखा, एउटै ग्रुपमा ट्यूसन पढ्न थाल्छन् । किसोर अवस्थामा प्रवेश गरेसँगै शारीरिक र मानसिक रूपमा पनि केही फरक हुनु स्वाभाबिक हो । उनिहरूको सहयात्रा र चिसो मौसमले पनि उनिहरूलाई झन् नजिक तान्दै गयो । ट्यूसनको आर्को ग्रुपमा बुद्नी, सायदा, रोशन र आतिक पनि छन् । उनिहरू छुट्टै समयमा जान्छन् । उनिहरूको बिचमा पिङ्की र लतिफहरूको विचमा एक वर्षमै प्रेम गाढा हुदै जान्छ । उनिहरूलाई देखेर ब्बलु र रेखामा पनि प्रेम बस्छ । कथामा भनिएको छ “प्रेमको लत भनेको ड्रग्सको लतभन्दापनि गाढा हुन्छ ।’ वास्तबमा प्रेमले जातभात, धनी गरिब रूपरङ्ग यी सबै देख्दैन । उनिहरू एसएलसीमा अब्बल नम्बर लिएर उत्कृष्ट भएपछि रानीतलाउ महिन्द्र बहुमुखी कलेजमा भर्ना हुन्छन् ।

उनिहरू त्यहाँ गएपछि नयाँ साथीहरू भेटघाट हुन्छन् । रूप र टाइलेन्ट छ भने त्यसले छिट्टै अरूलाई आकर्सित गर्छ । उनिहरूलाई देखेर नयाँ साथिहरू रञ्जनले पिङ्कीलाई मनपराउन थाल्छ । प्रशान्तले पनि रेखालाई ।

टीकापुर भ्रमणबाट फर्कदा बसमा नाचगान चलेको वेला पिङ्कीलाई लतिफले र रञ्जनले मनपराउनुकै कारण झगडा हुन्छ । कथाले एककोहोरो प्रेम पनि अत्यन्तै खतरनाक हुन्छ भन्ने देखाएको छ । साथै मधेशीहरूले पहाडीयालाई हेर्ने दृष्टिकोण पनि उजागार गरेको देखिन्छ । साथै त्यो वेला कालेजहरूमा गरेको दादागिरी पनि कथाले प्रष्ट सङ्ग देखाएको छ । यसबाट पनि प्रष्ट हुन्छ स्वयम रञ्जनका बाबाले बिवाह पछि केटाहरूमा सुधार हुनसक्छ की भनेर आशा गरेका छन् । रञ्जनका बाबा र पिङ्कीका बाबा प्रकाश र बिष्णु पञ्चायतकालका काग्रेसका भूमिगत नेताहरू मध्यका हुन्, जसले प्रजातन्त्र ल्याउन सङ्घर्ष गरेका थिए ।

उनिहरू दुबैजनाले आ-आफ्ना छोरा छरीको बिवाह गर्ने समझदारी बनाउँछन् । तर पिङ्कीलाई एक आखिर सोध्न पनि उचित सम्झिदैनन् । छोरीहरू कतिको कम्जोर मानसिकताका हुन्छन् भन्ने कथाले प्रष्टाएको छ । यहाँ पिङ्कीले उनिहरूका कुरा सुनेकी छ, रोएकी छ तर बिरोध गर्न सकिन । पछि उसले रेखालाई भने सुनाउँछे ।

एकातिर रञ्जनले आफ्नो र पिङ्कीको बिवाहको बारेमा कालेजमा व्यापक प्रचार गर्दैछ । लतिफ डहन मुरमुराउँछ । झगडा हुन्छ ।

यो झगडा पहाडी र मधेशी विचको युद्ध बन्न पुग्छ । जसरी भएपनि पिङ्कीलाई प्राप्त गर्ने रञ्जनको योजना छ । प्रजातन्त्र आएको प्रथम वार्षिक उत्सव सात फागुन २०४७ पुरा हुन्छ । यही दिन बिष्णुकै घरमा प्रकाश र निरञ्जन बाबा छोरा र अरू दुइजना आइपुग्छन् । जनई सुपारी गरेर बिवाहा पक्का गर्ने सल्लाह हुन्छ । अहिले पनि पिङ्कीलाई सोधेनन् । समाजमा छोरीको हैशियत देखिन्छ । रेखाले लतिफको पत्र पिङ्कीलाई दिन्छे, घर बसाउने भन्छ । रेखाले दिएको साथ सहयोग र सपोटले पिङ्कीको हिम्मत बढ्छ । उनिहरू भागी बिवाह गर्छन्, भारततिर लाग्छन् ।

रञ्जनले लतिफको घर घेरेर आन्दोलन गर्छ । नेपालगञ्जमा हिन्दु मुसलमानविच दङ्गानै फैलिन्छ । मारकाट हुन्छ र सरकारले कर्फू लगाउनुपर्छ । पछि सबै राजनैतिक प्रमुखको मिटिङ बसेर सम्झौता गरेको कथामा उल्लेख छ । बिष्णु गौतम एउटा प्रतिष्ठित् व्यक्ती हुन् । उनैको छोरी एउटा गरिब रिक्सावाला मुस्लिमले भगाएपछि उनि आफैपनि मृत्यूतुल्य भएका छन् । छोरीको इच्छा मार्दाको परिणति ।

बिस्तारै माहोल समान्य हुदैजान्छ । फेरी सबै जातजाती मिलेर होली पर्व मनाउँछन् । पिङ्कीको यो घटनाले रेखाको परिवारमा शङ्कालु बनाई दिन्छ । उनिहरूले केटा खोज्छन् । रेखाको आमा साबित्रीको माइती तर्फबाट फौजीको प्रस्ताब आउँछ । यहा रेखाले हिम्मत देखाउँछे । उसले साफ मना गर्छे फौजी सङ्ग बिवाह गर्न । आफुले बब्लुलाई मनपराएको कुरा पनि आफ्नो बाबालाई भन्छे । बब्लु एउटा कुमाल परिवारको रिक्सावाला । रेखाको बाबाको सोंच सकारात्मक भएकोले दुर्घटना हुन पाउँदैन । त्यही वेला रेखाको हजुर आमाको जुठो पर्छ । बिवाहा रोकिन्छ । आर्को वर्षको होली पर्वमा पिङ्की र लतिफ काखमा छोरी बोकेर घर फर्किन्छन् ।

त्यही वेला सीता पिङ्कीको आमालाई अटेक आउँछ । अनि यो काममा लतिफको परिवारले रगत दिएर उन्को प्राण जोगाइदिन्छन् । यहाँ जुनसुकै जातको पनि रगत एउटै हुन्छ भन्नेबारे राम्रो संदेश कथाले दिएको छ । विष्णुले सुनका बाला कल्ली मात्र होइन घडेरी र छोरीलाई आधा जमिन समेत दिन्छन् । बक्सपत्र गर्छन् । यसरी उनिहरू लतिफहरू बराबरका हुन्छन् अब यहाँ धनी गरिबको उपट खपट रहेन । कथामा आर्को मोड आउँछ, रेखाको प्रेमी बब्लु जापान गयो । समय बित्दै गए बब्लुले प्रसस्तै धन् सम्पत्ती कमायो । त्यो देखेर साबित्री रेखाको आमाले पनि बब्लुको बारेमा सकारात्मक सोंच बनाईन् । यहाँ पैसालाई मान्छेले दिएको महत्व प्रष्ट हुन्छ ।

एकदीन बब्लुको संदेश आयो छिट्टै घर फर्केर बिवाह गर्ने र साथै रेखालाई सङ्गै लिएर जाने बिचारको पत्रले ऊ अत्यन्तै खुसि थिई । २५गते बब्लु आउने ऊ बाटो कुरेकी थाई । आठ वर्षपछि उनिहरूको मिलन हुदैथियो । तर त्यहीवेला आर्को संदेश आयो बब्लुलाई हार्टअट्याक भयो । उसको शब बाकसमा राजधानी आइपुगेको समाचारले रेखालाई गइरो झट्का लाग्यो । आठ वर्षे प्रेमको मृत्यु हुनपुग्यो । प्रवासी जीवनको दुःखद घटना देखाइएको छ । रानीतलाउ, यो उपनयास जीवनको एउटा सिङ्गो दस्तावेज हो । जीवन र समाजलाई कुना कुनाबाट चियाएको छ । उपन्यासकार कल्पना खरेलको यो कृतिले समाजका र बिसंगति उधिन्न सकोस्, सुधार आओस् ।

हार्दिक शुभकामना ।

राष्ट्र र राष्ट्रियताको साझा पत्रिका
गोरखा एक्सप्रेस साप्ताहिक
(साविक म.क्षे.हु.नि.) गो.हु.द.नं. ५/०६७-६८ हाल ५/०८२-८३
का.जि.का.द.नं. २५-०३९/४०  भ्याट नम्बर- ३ ० ४ ५ ६ २ ४ ४ ४
मंगलबार Tuesday
२०८२ साउन ६, July 22, 2025





## अन्तिम पातो – शाश्वत शर्मा

# दोषी राजसंस्थावादीहरु पनि हुन्

कहाँ पुग्यो राजसंस्था पुनर्स्थापनाको मुद्दा ? सामाजिक सञ्जाल हेर्दा आन्दोलन जारी देखिन्छ, आजभोलि नै राजसंस्था पुनर्स्थापना हुन्छजस्तो लाग्छ । दृश्यमा आन्दोलन कहीँ देखिदैन । गृहमन्त्री रमेश लेखकले भनेझैं राजसंस्थावादीहरु शिथिल भइसके । अझ कमाण्डर तोकिएका नवराज सुवेदी त राप्रपामा रहिरहनका लागि निर्वाचन आयोग धाएको देख्दा उनका लागि आन्दोलनको कुनै चासो छैन । घोषणा गर्दा राजसंस्था पुनर्स्थापना नभएसम्म पार्टीको कुनै पदमा नबस्ने र विश्राम समेत नलिने भन्ने सुवेदी राप्रपाको पदका लागि दौडधूप गरिरहेका छन् । पञ्चे चरित्र पदलोलुप चरित्र हो, यस्तै हो । यस्तालाई विश्वास गर्नु हुँदैनथ्यो, विश्वास गर्दा धोका हुनगयो । अर्का एक वकिल छन्, जो यो पद्धति र सत्ताधारी सबै अवैध हुन् भनेर शाब्दिक रुपमा प्रमाणित गर्न खोज्छन् । यिनको पनि नतिजा शून्य । अर्काथरि बरिष्ठ अधिबक्ताहरु छन्, जो छलफल गरिरहेको बताउँछन् । भविष्यको अभियान चलाउने, पार्टी नै खोलेर राजसंस्था पुनर्स्थापना गराइछाड्ने हुँकार गर्छन् । अर्का एक पत्रकार छन्, जो चार दशकदेखि विश्लेषण गरिरहेको र विदेश मामिलाको जानकार हुँ भन्छन् । तिनले भारत, चीन, रुस, अमेरिका सबै राजस)स्थाको पक्षमा आइसकेको दावी गर्छन् । ज्योतिषहरु पनि त्यस्तै छन् । समय सारेको साऱ्यै छन् । अरु राजावादी नेताहरुको हविगत पनि यस्तै छ । मुख्य प्रश्न छ- आमनागरिक कतातिर छन् त ?

नागरिक अघि अघि प्रदर्शन, बिरोधसभा भइरहदा सहभागी भएका थिए । आजकल राजीनामा दिएका मन्त्री राजकुमार गुप्ता, एमालेको राजनीतिमा फर्केकी विद्या भण्डारी, बरिष्ठ उपाध्यक्षबाट खगारिएका ईश्वर पोखरेलको कुरा सुन्नतिर लागेका छन् । प्रम ओली, विद्या भण्डारीमध्ये कसले एमाले हाँकला ? मन्त्रिमण्डल पुनर्गठनमा को हट्ला, को आउला ? विद्या भण्डारी, प्रचण्ड र शेखर कोइरालाको कानेखुशी के हो ? २५ लाख हस्ताक्षरले रवि लामिछाने छुट्लान कि नछुट्लान ? भ्रष्टाचारको आरोप प्रत्यारोप के हो ? नागरिकमा यताको चासो बढेको छ । राजसंस्था पुनर्स्थापनाको आन्दोलन प्रहसन हुनथाल्यो । राजतन्त्रवादी भनाउँदाहरुले पूर्वराजालाई नै विवादमा पारिदिए । राजाको बढ्दो क्रेजमा धक्का लगाइदिए । राजाको जन्मोत्सवमा भीड लाग्यो । जयजयकार भयो । त्यो जनआकर्षणको उपयोग गर्न नजानेपछि हलो काट्यो मुङ्ग्रोबाहेक केही भएन ।

हो, नागरिकले परिवर्तन खोजेकै हुन् । नागरिकको चाहनालाई परिणाममुखी बनाउने हुती कसैमा देखिएन । राजाका सचिवलाई श्री ५ किन लेखेको भनेर प्रहरी लगाएर भ्रष्ट सरकारले केरकार गऱ्यो, कागज गरायो, राजतन्त्रवादीले कोठे बिरोध र कागजको बक्तव्य निकाले मात्र । कडिकडाउ बिरोध जनाउन सकेनन् । सरकारले नाडी छाम्यो, राजतन्त्रवादीको ह्याउ छैन भन्ने थाहा पायो । राजतन्त्रवादी भनेका अवसरवादी, पानीमरुवा हुन् भनेर भ्रष्टहरुले नै भनेको पनि सुनियो । हिजोसम्म श्री ५ पूर्व हुँदैन भनेर तर्क गर्नेहरुले समेत एकशब्द बोलेनन् । आश्चर्य ।

योभन्दा राजतन्त्रवादीका लागि लाजमर्दो घटना के हुन्छ ? प्रष्ट छ, राजतन्त्रवादी नेताहरु निरीह छन् । फागुन २५ को राजाको स्वागतमा जुटेको भीड देखाएर त्यसको ब्याज खान पल्केकाहरु स्वाद लिनमै ब्यस्त छन् । राजतन्त्रवादीहरु उकअर्कासँग मिल्न नसक्ने, पैसा बाँडफाँडको रडाको, भोलिपदमा को पुग्ने ? यतिमा नै सकियो राजसंस्थावादी आन्दोलन । राजाको बेइजत भयो, आमदेशभक्तहरुको आशामाथि तुषारापात भयो । यिनै निर्लज्जहरु टीभी, यूट्यूव, फेसबुक, ट्विटरहरुमार्फत ठूला ठूला हुँकार गर्नु ब्यस्त छन् । बुझौं, अब यस्तो एजेण्डाका आन्दोलन हुन गाह्रो छ । यस्ताको नेतृत्वमा परिवर्तन हुन्छ भनेर नागरिकमा विश्वास मरेको छ । नेपाल र नेपालीको नियति यिनै भ्रष्टलाई झेल्नु लेखेको रहेछ । केही समयपछि चुनावले छोप्छ, ०८४ को आवधिक निर्वाचन लाग्न सुरु हुनेछ । स्थानीय, प्रादेशिक, संघीय संसदको चुनाव लागि नै हाल्छ । यिनै भ्रष्टहरु रक्सी, मासुभात लिएर जनताको आँखामा छारो हाल्न र चकमा दिन आउनेछन् । पहिले पहिलेको चुनावमा झैं अनेक झुक्यानमा नागरिक पर्नेछन् र चुनावपछि यसैगरी पछुताउने स्थितिमा पुग्नेछन् । नयाँ पार्टीमात्र होइन, पुराना पार्टीका दागी नेताहरुले पनि अनेक तुरुप फ्याक्ने छन् । अब त सुध्रेलान कि भनेर एक मौका दिउँ भन्ने कमलो मन बन्नेछ नागरिकको । यसैगरी राष्ट्र झन झन रसातलमा भासिदै जानेछ । यसैगरी मैनबत्ती पग्लिएजसरी देश सकिदैजानेछ । असफल हुनेछ । अन्तमा भन्नु पर्दा, जति यी भ्रष्ट गणतन्त्रवादीहरु दोषी छन्, त्यति नै दोषी परिवर्तनकारी भनिएका राजसंस्थावादीहरु पनि दोषी छन् । दोषीमा दरिनेछन् । त्यतिबेला झुक्यानमा परेका नेपालीहरुले थकथकी मान्नु बाहेक अर्को केही विकल्प हुनेछैन । नागरिकमा चेतना रहोस् ।


## गर्मीयाममा लाग्नसक्ने रोगबाट बचौं र बचाऔं

- पर्याप्त मात्रामा पानी वा झोलिलो पदार्थ पिउने गरौं,
- मौसमअनुसारका ताजा तरकारी एवं फलफूल उपभोग गरौं,
- सडेगलेको र बासी खानेकुरा नखाऔं,
- खुलास्थानमा असुक्षित तरिकाले राखिएका खानकुरा नखाऔं,
- धेरै अमिलो, चिल्लो र मसलेदार खाना नखाऔं,
- घर बाहिर हिड्दा शरीर ढाक्ने गरी लुगा लगाऔं,
- घर, आँगन र आसपासको क्षेत्र सफा राखौं,
- व्यक्तिगत सरसफाईमा ध्यान दिऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड


# अदालतको जिम्मा म लिन्छु भन्दा राज्य मौन किन ?



अदालतको जिम्मा म लिन्छु, अरू जिम्मा राज्यले लेओस् भन्दा राज्य मौन छ । बिकृति बढ्दो छ, सुशासनको प्रत्याभूति कतै देखिदैन । यसको अर्थ राजनीतिमा बिचलन आयो । आफ्नो क्षमताहीनता र बदनामीलाई अदालतमा पुऱ्याएर अदाललाई पनि प्रदूषित पार्ने दुस्कार्य राजनीतिले गरिरहेको छ ।

यसैको प्रतिफल हो, प्रतिषोधको बढ्दो राजनीति । भनिन्छ, नेताले चुनावमात्र हेर्छ, राजनेताले देशको घविष्य हेर्छ । नेपालको १८ वर्षे लोकतान्त्रिक गणतन्त्र हेर्दा भन्न सकिन्छ, गणतन्त्र गनायो । एकजना नेता पनि जनताको आँखाको नानी बन्नसकेनन्, गर्व गर्न लायक नेता देखिएनन् । यो लथालिङ्गे राजनीति जनताको आँखाको कसिंगर भयो ।

यसैको परिणति हो, नेपालमा न्याय छैन भन्ने भाष्य बन्नपुगेको छ । यद्यपि अन्यायमा पर्नेहरू अदालत पुग्छन्, अदालतबाट न्याय पाइन्छ भन्ने विश्वास बाँकी छ । यो विश्वास स्थापित मान्यता बनाउन थरूरी देखिन्छ ।

हरेक प्रधानन्यायाधीशले सुनवाईका क्रममा र पदासीन हुनेबेलामा अदालतभित्रको बिकृति बिसंगति सुधार्छु भन्ने वाचा गर्छन्, अवकाश भएपछि अदालतमा भ्रष्टाचार छ भन्ने गरेका छन् । किन यस्तो बिडम्बना ? यो बिडम्बनाको वर्तमान कसीमा छन्- प्रधानन्यायाधीश प्रकाशमान सिंह राउत । उनले न्यायालय सुधार्न सक्लान् त ? न्यायालय सुध्रियो भने देशको आधा समस्या समाधान हुन्छ । आधा समस्या त राजनीतिक शुद्धताबाट आउने हो । न्यायालय न्यायमन्दिर बन्यो भने राजनीतिले सुध्रिन र नैतिकतामा उभिन करै लाग्नेछ । दण्डहीनता रोकिने छ ।

३३ वर्ष वकालत गरेर खारिएका र ८ वर्ष सर्वोच्च अदालतको न्यायधीश भइसकेका प्रकाशमान सिंह राउत परिपक्व प्रधानन्यायाधीश हुन् । लोकतान्त्रिक गणतन्त्रमा सर्वोच्च अदालतले व्यवस्थापिकाको समेत भूमिका खेलेको देखिन्छ, पछिल्लोपल्ट शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउने अदालतले नै आदेश दिएको थियो । अर्थात्, अदालत राजनीतिको केन्द्रमा छ । राजनीतिको केन्द्रमा पुऱ्याउने काम राजनीतिक दल र नेताहरूले नै गरेका हुन् । हरेकजसो राजनीतिक निर्णयहरू अदालतमा पुग्छन् र निरूपण अदालतले गरिदिनुपर्छ । अदालतलाई राजनीतिक प्रभावमा पार्ने काम पनि न्यायाधीशको छनौट, नियुक्तीदेखि मुद्दाहरूमा समेत पर्ने गरेका छन् । यो सबैले अनुभूत गरेका छन् ।

प्रधानन्यायाधीशको मुख्य चुनौती भनेकै अदालतलाई राजनीतिक प्रभावबाट बचाउनु हो । यो प्रधानन्यायाधीश राउतको जीवनकै शायद अन्तिम परीक्षा पनि हो । नियुक्ती भएपछि विभिन्न सार्वजनिक कार्यक्रममा वहाँले भन्नुभएको छ- म संविधान र कानुनबाट दायाँबायाँ गर्दिन । पहिलो, म संविधान र कानुन छाड्दिनँ । दोस्रो, म निष्ठा र विवेकबाट मुद्दा हेर्छु । तेस्रो, म निष्पक्षता छाड्दिनँ, मलाई सधैं अवसर आउँदैन । म यो संस्थाको सर्वोच्च हित चिताएर काम गर्छु । अवसर गुम्यो भने देश र जनताको बेहाल हुन्छ । प्रतिकूलतामा अनुकूलता खोज्छु ।

सुनेको शासन: भोगेको प्रशासन पुस्तक लोकार्पणको कार्यक्रममा उपस्थित भएर प्रधानन्यायधीशले भन्नुभएको थियो- मुलुकमा कुनै काम गर्नलाई जताततै प्रतिकूलता, असहजता, विघ्न वाधा देखिने गरेको छ, प्रतिकूलता, असहजता, विघ्न वाधामा अनुकूलता खोज्न जरूरी छ । अब पनि हामीले अवसरहरू नियाल्न ढिलो गरे मुलुकले ठूलो मूल्य चुकाउनुपर्ने छ । शासन र प्रशासन भन्ने दुई शब्दबाट सुशासन बन्ने हो । प्रबुद्ध वर्गले हेक्का राख्नुपर्ने कुरा के छ भने नियतको परख गर्नैपर्छ । किनभने मान्छेको अस्मितासँग जोडिएको कुरा हो । प्रधानन्यायाधीश राउतको आत्मवोध सुनियो- मैमाथि प्रश्न उठेको छ भने त्यसको जिम्मा म लिन्छु । तर शासन प्रशासनमा बस्नेहरू राजनीतिलाई अपराधीकरण गरिरहेका छन् । अपराधिकरण र राजनीतिले देशलाई बर्बा पार्दै लगेको छ । न्यायालय अग्निपरीक्षामा छ ।

# ओली सरकार कुहिएर झर्छ : दीनानाथ शर्मा



यो सरकार असफल भइसक्यो, कुहिएर झर्छ । माओवादीका नेता दीनानाथ शर्माको भनाइ हो यो ।

यो सरकारले राष्ट्रलाई बदनाम गरायो, विश्वजगतमा नेपालको छवि बिगाऱ्यो भन्ने आरोप पनि शर्माको छ । माओवादी सरकार फेर्न वा सरकारमा जान इच्छुक छैन, प्रतिपक्षीको भूमिका निर्वाह गर्छ भन्दै शर्माले भनेका छन्- 'यो सरकारलाई अब नालायक त के भनौं, तर यो सरकार असफल भइसक्यो । देशलाई बदनाम गराउने विषयमा चाहिँ यो सरकार सफल छ । यो देशमा हामी मात्रै छैनौं, १४० भन्दा बढी देशका कूटनीतिक नियोगका प्रमुख र प्रतिनिधिहरू यहाँ छन् । हरेक दिन राज्यको तर्फबाट भएका भ्रष्टाचार र अनियमितताका केसहरू चाहे संसदमा हुने गतिविधिहरू हुन् वा चाहे सरकारको तर्फबाट हुने गतिविधिहरू हुन्, या चाहे न्यायालयबाट हुने फैसला र हुने गतिविधिहरू हुन्, ती राष्ट्रको शिर निहुरिने प्रकारका देखापरेका छन् । आज विश्वभरि नै नेपाल भ्रष्टाचारीहरूको देश, दण्डहीन, मानव तस्करी गर्ने, तस्करहरूलाई संरक्षण दिने, शिक्षा स्वास्थ्यमा ध्यान नदिने भनेर सन्देश प्रवाह भइरहेको छ । यस कारणले यो सरकार सबै पक्ष र पाटोबाट नेपाल र नेपालीहरूको शिर निहुराउने र नेपाललाई बदनाम गराउने काममा सफल देखिन्छ ।

पूर्वमन्त्रीसमेत रहिसकेका शर्माको आरोप छ- सामाजिक न्याय र समृद्धि, राष्ट्रिय हितको पक्षमा यो सरकारले काम गर्नै नसकेको ठोकुवा गरेका छन् । मलाई लाग्छ गठबन्धनका साथीहरूको आत्माले पनि अहिलेको सरकार र नेतृत्वले राष्ट्रलाई हित गऱ्यो भन्दैन होला । यो सरकारले राम्रो परिणाम दिन सकेन, दिनै सक्दैन । किनकि यो सरकार नीति र नैतिकतामा अडेकै छैन, चलेकै छैन । सरकार असफल भयो भन्दैमा आफ्नो दल माओवादी केन्द्र सरकार फेर्नमा सक्रियता प्रदर्शन गरेको छैन । उनले भनेका छन्- हामी ०८४ सम्म जनताको बीचमा जान्छौं । हामीले धेरै धोका खाइसकेका छौं । अब बेइमानीहरूसँग सङ्गत गर्दैनौं । हामी त सङ्गठन निर्माणमा जान्छौं, प्रतिपक्षको हैसियतले सडक र सदनबाट आवाज उठाउँछौं । यो सरकारलाई हामीले गिराउनै पर्दैन, यो सरकार त आफैं कुहिएर झर्न लागेको छ, झर्छ । यो सरकारका गठबन्धनभित्र उकुस मुकुस बढेको देखिन्छ । यो उकुस मुकुस फुट्छ, त्यो फुटेपछि यो सरकार आफै कुहिन्छ र ढल्छ । यस्तो सरकारबाट जनताले पनि आश मारिसकेका छन् । जनआस्था नै गुमाइसकेको सरकार पनि सरकार हो र ?



*Rare Historical Pics & Vids: @Vintage_Nepal*
***Last Rana Prime Minister Mohan Shamsher invested with 'United States Order of the Legion of Merit' by 2nd US Ambassador Loy Henderson in a ceremony in Kathmandu .***
*1948 AD @Vintage_Nepal*
*Note- Historical events, which seem glorious .*

***हिजो यस्तो सम्मान । आज दण्डहीन, मान्छे बेच्ने र फ्रडको बदनाम । णतन्त्र हाँक्नेहरूले नेपालको उच्चसम्मानलाई धुलिसात बनाइदिए तैपनि यिनमा गिल्टी फिल हुन नसक्ने संवेदनहीनता होइन र ?***